नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष ३ ● अंक १०४ ● २०८१ साल फागुन १० गते शनिबार ● Saturday 22, February 2025 ● सूर्योदयः बिहान ६:३६ बजे ● सूर्यास्तः साँझ ६:०२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

वैभव
शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - फर्कि आउँछ कि...

**आदित्य नेपाल** - मधेश कृषि विश्वविद्यालयमा राजनीतिः कर्मचारी तलबविहीन, पढाइ ठप्प

**कमलकुमार बस्नेत** - विद्युतीय सुशासनका लागि 'डाटा एक्सचेञ्ज प्लेटफर्म'

जनताले प्रजातन्त्रको पूर्ण अनुभूति गर्न पाउनुपर्छः सांसद सुनार

# बैंकको ४४ करोड ऋण

# सञ्चालक सम्पर्कविहीन, फार्ममा मर्दै सैयौँ गाई

## वीमाले बैंकलाई फाइदैफाइदा

बैंकको ऋण बढेर दुई वटा सञ्चालक फरार रहँदा र एउटा सञ्चालक लिलामीमा पर्दा बैंक व्यष्वस्थापन भने मौन देखिएको छ । नबिल बैंक र ज्योति विकास बैंकको ३४ करोड रुपैयाँ ऋण लगानी भएको उद्योगमा सञ्चालकहरुको मनमुटाव, बदमासी र सञ्चालक फसाउने योजना साकार हुँदा बैंकले भने गाईंको पनि वीमा गराएकाले जति गाई मर्छ, त्यति वीमाका हिसाबले फाइदा हुने भएकाले गाई मर्दा पनि बैंक मौन बसेको देखिएको छ । नेपालमा विभिन्न कालखण्डमा गाईको वीमा गराएर सामुहिक मृत्यु गराउँदै वीमाबाट मोटो रकम लिने स्वार्थी समूहले गाई मार्न लागेको यो पहिलो घटना होइन । यो घटनामा पनि प्रति गाई डेढलाख, दुई लाख रुपैयाँसम्म वीमा गराएर वीमा रकम असल गर्ने योजनाबारे गहिरो छानबिन हुन जरुरी छ ।



**मधेशदृष्टि**
**ठोरी, पर्सा ।**
पर्साको ग्रामीण क्षेत्र ठोरी गाउँपालिका वडा नम्बर ५ सुवर्णपुर यतिखेर देशभर चर्चामा छ । भारत, प्रयागमेलामा करोडमा होइन अर्बमा हिन्दूजन महाकुम्भ स्नान गर्न गइरहेका छन् । १ सय ४४ वर्षमा लाग्ने मेलामा स्नान नै धर्म हो भन्ने सन्देश प्रवाह भइरहेका बेला त्यो भन्दा ठूलो धर्म हुने देखिएको छ सुवर्णपुरमा गौसंरक्षण । हो, हिन्दूजनको आस्था, आमासमान गाई जम्मा पारेर बैंकबाट करोडौँ रुपैयाँ ऋण लिएर सञ्चालकहरु सम्पर्कविहीन बनेपछि फागुन शुरु भएदेखि नै फार्मका गाई धमाधम मर्न थालेका हुन् ।

गाई फार्ममा कार्यरत हेरालुका अनुसार, ५ दिन फार्मको गाईले खानेकुरा त परको विषय, पानीसमेत पिउन पाएन । त्यसपछि लामो समयदेखि वयस्क, गर्भवती र सुत्केरी अवस्थाका गाईले खाना सन्तुलितरुपमा नपाएपछि सुतेको ठाउँबाट उठ्न सकेका छैनन् । सुतिरहँदा नै गर्भवती गाई सुत्केरी भएपछि बाच्छाबाच्छीले दूध खान पाएका छैनन् । काठमाडौँका इश्वर जोशी, गुरु भट्ट र पर्साकै इञ्जिनियर श्यामवदन यादवले सञ्चालन गरेको गाई फार्मको रेखदेखको जिम्मा

बाँकी पृष्ठ २ मा

**उद्योगः** कलश क्याटल फार्म

**क्षमताः** १,५०० गाई पाल्न सकिने

**क्षेत्रफलः** १४ बिघा

**सञ्चालकहरुः** इ. श्याम वदन यादव, ईश्वर जोशी र गुरु भट्ट

**लगानीकर्ता बैंकः** नबिल बैंक र ज्योति विकास बैंक

**बैंकको लगानीः** ३४ करोड रुपैयाँ

**कुल ऋणः** ४४ करोड रुपैयाँ

**उद्योग हेरालुहरुः** केशव न्यौपाने, हरिन्द्र पटेल, सरोज अधिकारी, रविन्द्र न्यौपाने र श्याम सापकोटा

**कुल गाई संख्याः** २०१

## मेरो सपनामा मै लिलामी भएँ

**–इ. श्याम वदन यादव**
**संस्थापक, कलश क्याटल फार्म**

६ वर्षअघि कलश क्याटल फार्मको सपना बुन्ने मै हुँ । त्यतिखेर बैंकले पनि राम्रो सपोर्ट गरेको थियो । बीचमा कोभिडले समस्या भयो । बैंकले दुःख दियो । सबै मेसिन जोडेका थियौँ । बैंकले रकम दिन आनाकानी गर्न थाल्यो । डेढ वर्ष पहिला नै ३ सय गाई थिए । दैनिक १५ घण्टा काम गरेँ । पछि पार्टनर खोज्न बैंकले नै भन्यो, र ईश्वर जोशी आउनु भयो ।

उहाँले भन्नुभयो, 'यो राम्रो देखेँ ।' फार्ममा ९ करोड ७२ लाख रुपैयाँ मेरो लगानी थियो । जोशीले १० करोड रुपैयाँ हाल्नु भयो । फार्म अझ राम्रो भयो । बैंकले ब्याज उठाउँदै थियो । पूर्ण नाफामा जान गाई ५०० पुग्नु पर्ने थियो । पूर्वाधार निर्माण भयो । अन्नपानी खरिद हुँदै गयो । जोशीले सहयोग नै गर्नुभयो ।

पछि उहाँलाई एकलौटी बनाउने रहर भयो । त्यसपछि विवाद शुरु भयो । २ करोड रुपैयाँको पार्टनर खोज्नुभयो । गुरु भट्ट आउनुभयो । उहाँलाई नजोडे छाड्छु भन्नुभयो । मैले नचाहेर पनि भट्ट जोडिनु भयो । पछि म कमजोर भएँ, बैंकलाई प्रभावमा पारेर फार्मको अध्यक्ष हुने लालसा जोशीमा बढेको थियो । उहाँहरुको बढी शेयर हुने नै भयो । बैंकले पनि दबाब दियो ।

इजरायली प्रविधिबाट फारममा काम भएको हो । गोबरबाट बायोग्यास, सिएनजीलगायतका काम गर्ने सपनामा थियौँ । ठूलो दबाबमा अध्यक्ष छाडेँ । एक हिसाबले जबर्जस्ती पनि भयो । लगभग ९ महिना पहिलासम्म राम्रै थियो । ५ वर्षसम्म कार्यरत डाक्टर, कर्मचारी दक्ष थिए, जोशीको नेतृत्वमा गएपछि सबै निकालिए । मेसिनको मात्र जिम्मा मेरो भयो । उहाँहरुको विवादमा मलाई फसाइयो । गुरु भट्टलाई जिम्मेवारी दिने काम भयो र मलाई निकाल्ने योजना बन्यो । त्यसपछि ४ महिना चल्यो । अहिले मसँग कसैको सम्पर्क छैन । आफ्नै फ्याक्ट्रीबाट दूध वितरण भइरहेको थियो । ममाथि षड्यन्त्र भयो । जुन बदमासी गर्नु भयो, त्यो भन्न पनि म सक्दिनँ । म त जानै छाडिदिएँ ।

काठमाडौँका जमिनका कारोबार गर्ने मान्छे हुनुहुन्थ्यो जोशीजी । उद्योगका चार्टर्ड एकाउन्टेन्ट आफ्नै बनाउनु भयो । बैंकबाट ३४ करोड रुपैयाँ ऋण लिएका हौँ । उहाँ काठमाडौँ बसेर र मलाई निकालेर उद्योग चलेन । मेरो इज्जतै रहेन, म फस्ने अवस्था बन्दै गयो । मेरो चाहना, कोही न कोहीले किनेर चलाइदिए हुन्थ्यो । अहिले त बैंकले लिलामीमा नाम निकाल्यो । लिलामीमा परेको छु ।

१४ बिघा फार्मकै जग्गा हो । करिब ११ करोड त जग्गाको पक्कै आउँछ । फार्मकै कारण वरपरको भाउ बढ्यो । तर उहाँहरु न बेच्न तयार हुनु भयो, न चलाउन चाहनु भयो । १४०० ले जागिर पाउने उद्योग हो । मलाई सखाप पार्ने योजना नै थियो । ऋण बढाउने काम भयो । म फसेँ, सपना तुहियो । कहीँ कसैको लायक रहिनँ, अहिले त बैंकबाट लिलामीमा परेको छु । (मधेशदृष्टिसँगको कुराकानीमा आधारित)

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू
डेंगी
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
स्वास्थ्य संस्था
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

## गाई किसानलाई बाँडिनेछः मन्त्री र अध्यक्ष



लालबहादुर श्रेष्ठ
अध्यक्ष, ठोरी गाउँपालिका



जनार्दनसिंह क्षेत्री
मन्त्री, मधेश सरकार

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्र र ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले फार्मका गाई उस्तै परे स्थानीय किसानलाई पाल्न दिइने बताएका छन् । शुक्रबार साँझ मधेशदृष्टिको सम्पर्कमा आएका मन्त्री र अध्यक्षले भने, 'सञ्चालकहरुको झगडाका कारण खोरमा थुनेर गाई मार्ने पाप रोकिनेछ, उनीहरु सम्पर्कमा नआए सबै गाई स्थानीय किसानलाई दिन कुनै आपत्ति हुने छैन ।

मन्त्री क्षेत्रीले भने, 'सञ्चालकहरुको बैंकको ऋणको झगडाले यस्तो भएको हो ।

पहिला पनि १० वटा गाई मरेका रहेछन् । अहिले पनि फेरि यही समस्या भयो । शुक्रबार नै पशुसेवाका प्राविधिकसहितका टोली पठाएको छु, शनिबार पनि टोली जाने छ । ठोरी गाउँपालिकाले भनेर विद्युत् सेवा सञ्चालन गराइएको छ । पर्साका सिडिओलाई भनिसकेको छु कि उनीहरुलाई सम्पर्कमा ल्याउनुहोस्, नभए समातेर भए पनि ल्याउनु पर्यो । आइतबार सायद पर्सा प्रशासनले बैठक बोलाएको छ, उनीहरु सम्पर्कमा आउलान् । गाई यसै मर्न दिइन्न । यो पाप बोकिन्न । केही न केही उपाय लगाइन्छ । सैयौँ गाई भएकाले स्थानीय र प्रदेश सरकार गोठालो लागेर सम्भव छैन । भएन भने फारममा भएका गाई स्थानीय किसानलाई वितरण गरिनेछ । गाउँलेले गाई पाल्नेछन् । पछि उद्योगका सञ्चालकहरु आएर पालेको अवधिको रकम किसानलाई भुक्तानी गरेर गाई लैजान सक्छन् । यस्तो बदमासी सरकारले टुलुटुलु हेरेर बस्दैन ।'

यस्तै, ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले भने, '११ गते छलफल बोलाएको छु, उद्योगका सञ्चालकहरु आउलान् । उनीहरुसँग छलफल गरिनेछ । प्राधिकरणलाई भनेर बिजुली बालिएको छ । गाईलाई खानेकुरा व्यवस्था गरिएको छ । अब छलफलमा सञ्चालकहरु मिलेनन् भने उनीहरुले नै दुःख पाउँछन् । गाई मर्न दिन भएन, बिचल्लीमा पार्न भएन । गाउँपालिकाले केही न केही गर्छ, फार्म सञ्चालन गर्न सक्ने अवस्था बनेन भने गाई किसानलाई दिइने छ । पालिकाले, स्थानीय सरकारले गर्ने यही नै हो । हामी यसो गर्न पनि तयार छौँ । उद्योगका सञ्चालकहरुले पछि गाई लैजान सक्छन् तर किसानलाई पालपोष गरेको खर्च दिनु पर्नेछ ।'

# पोखरियामा नापी र मालपोत कार्यालय उद्घाटन हुँदै



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकामा सेवाग्राहीलाई सेवा दिन स्थापना गरिन लागेको नापी र मालपोत कार्यालयको शाखा फागुन १५ गते उद्घाटन हुने भएको छ । कार्यालय उद्घाटनका विषयमा बिहीबार वृहत् छलफल भएको छ । पर्साका सांसद एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको पहलमा पोखरियामा नापी तथा मालपोत कार्यालयको शाखा स्थापना हुन लागेको हो । कार्यालय फागुन १५ गते बिहीबार दिउँसो १ बजे उद्घाटनको तयारी गरिएको छ ।

मन्त्री गुप्ताले बिहीबार सामाजिक सञ्जालमा यसबारे लेखेर खुशी व्यक्त गरेका छन् ।

उनले लेखेका छन्, 'सम्पूर्ण दल तथा पार्टीका नेता र मेरो लगातारको अथक प्रयास र प्रधानमन्त्री केपी शर्मा ओली र पार्टीका नेताकार्यकर्ताको सहयोगबाट ग्रामीण भेगका जनतालाई नापी र मालपोतको कामले वीरगंज जाने बाध्यता फागुन १५ गतेपछि हट्ने बेहोरा सबैमा बडो खुशीका साथ जानकारी गराउँदछु ।'

मन्त्री गुप्ताले ग्रामीण भेगका जनतालाई अब वीरगंज शहर आउने बाध्यता हट्ने बताएका छन् र यो काममा साथ दिने सबैलाई धन्यवाद् व्यक्त गर्दै कार्यालय उद्घाटनको तयारीमा जुटेको बताएका छन् ।

# ल्यान्डपुलिङका नाममा लिइएको जग्गा फिर्ता माग

**राकेश यादव**
**गौर ।**
ल्यान्डपुलिङका नाममा जग्गा ठगी गरेको भन्दै फिर्ता गर्न स्थानीय जग्गादाताले सामुहिकरुपमा शुक्रबार मौलापुर नगरपालिका, मालपोत कार्यालय र नापी कार्यालयमा निर्णयसहितको ज्ञापन पत्र बुझाएका छन् । मौलापुर नगरपालिका वडा नम्बर ३,४,५ मा ४ सय किसानबाट करिब ८५ बिघा जग्गा लिएर गरिएको ल्यान्डपुलिङ योजनामा जानकारी नदिई बढ़ी जग्गा लिएको भन्दै मौलापुरका २ सय ३६ किसानले जग्गा फिर्ता माग गर्दै ज्ञापन पत्र बुझाएका हुन ।

प्रधुमन बैठा, गौरी शंकर साह, रामाशंकर रजक, सर्फलाल यादव, शिव मंगल राय यादवसहितको स्थानीय जग्गादाताको टोलीले पुस २७ गते सामुहिक भेलाबाट गरेको निर्णयको प्रतिलिपिसहित मौलापुरका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहलाइ ज्ञापन पत्र बुझाएको हो ।

मौलापुर नगरपालिका वड़ा नम्बर ३, ४ र ५ का २ सय ३६ जग्गाधनीको भेलाले मौलापुर जग्गा एकीकरण आयोजनामा पर्ने जग्गाको सडक र सरकारी कार्यालयको लागि बढी प्रतिशत जग्गा कट्टा गरेको, जग्गाको ठाउँ हेरफेर गरेको र जग्गा एकीकरण आयोजनामा भएको खर्च पारदर्शिता नगरेको निर्णय गरी कार्यान्वयनका लागि मौलापुर नगरपालिका, मालपोत कार्यालय र नापी कार्यालयमा ज्ञापन पत्र बुझाएको पीडित रामाशंकर रजकले बताए ।

नगरपालिकाले जग्गा एकीकरण गर्ने बेला १० देखि २० प्रतिशत कट्टा गर्ने भनेकामा झुक्याएर ३० देखि ५० प्रतिशत जग्गा कट्टा गरेको आरोप उनीहरुको छ ।

# दलितमाथिको अत्याचार रोक्न माग




**मधेशदृष्टि**
**राजविराज ।**
नेपालमा दलित समुदायमाथि भइरहेको हिंसा, बलात्कार, र अन्तरजातीय विवाह गर्ने जोडीमाथि राज्यसंयन्त्रकै संलग्नतामा भइरहेको दमनप्रति दलित सरोकार मञ्च, नेपालले गम्भीर ध्यानाकर्षण गराउँदै दोषीमाथि कडा कारबाही गर्न माग गरेको छ । शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै मञ्चले सिरहा, सर्लाही, रौतहटलगायतका जिल्लामा दलित समुदायमाथि भइरहेको अन्यायका घटनालाई उजागर गर्दै दोषीलाई तत्काल कारबाहीको माग गरेको हो ।

मञ्चले सिरहाको नवराजपुर गाउँपालिका–१ मा १७ वर्षीया दलित किशोरी रिङ्कुकुमारी सदामाथि भएको सामूहिक बलात्कार र त्यसपछि उनको मृत्यु अत्यन्त शंकास्पद भएको भन्दै निष्पक्ष अनुसन्धानको माग गरेको छ । माघ २७ गते रुपेश मण्डल, चन्दन साह र रामविनय मण्डलले किशोरीलाई सामूहिक बलात्कार गरेको आरोप छ । समाजकै केही अगुवाले १ लाख ४० हजार रुपैयाँ लिएर मिलापत्र गराएको खुलासा भएको छ । माघ ३० गते उनी मृत अवस्थामा फेला परेकी थिइन् । घटनामा संलग्न ८ जनाविरुद्ध जाहेरी दर्ता भए पनि कोही पक्राउ नपरेको भन्दै मञ्चले दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरेको छ ।

त्यस्तै, सर्लाहीमा सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियारको अन्तरजातीय विवाहमा भएको हस्तक्षेपप्रति मञ्चले आपत्ति जनाएको छ । कानूनीरूपमा विवाह गरेका उनीहरूलाई राजनीतिक पहुँचको दुरुपयोग गर्दै भारतसम्म गएर पक्राउ गर्नु गम्भीर विषय भएको मञ्चको दाबी छ । सत्येन्द्रलाई बालविवाहको झुटा आरोप लगाएर फसाउन खोजिएको भन्दै मञ्चले यसलाई कानूनी दुरुपयोगको उदाहरण भनेको छ । सर्वोच्च अदालतले नेहालाई सत्येन्द्रकै जिम्मा लगाउने आदेश दिए पनि निरन्तर धम्की दिइनु मानवअधिकार उल्लङ्घन भएको मञ्चले जनाएको छ ।

रौतहटस्थित वृन्दावन नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान र मुस्लिम नेता सलाउदिन दर्जीलाई राज्य संयन्त्रद्वारा झुटा मुद्दामा फसाउने प्रयास भएको आरोप मञ्चले लगाएको छ । जातीय भेदभावविरुद्ध आवाज उठाउनेहरूमाथि प्रतिशोधस्वरूप फसाउने प्रयास भइरहेको मञ्चको दाबी छ । प्रहरी प्रशासनको समेत मिलेमतो देखिएको भन्दै मञ्चले निष्पक्ष अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेको छ ।

मञ्चले विद्यालयहरूमा व्याप्त जातीय विभेदबारे पनि छानबिन गरी दोषीहरूमाथि कडा कारबाही गर्न आग्रह गरेको छ । संविधान र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धीसम्झौताहरूअनुसार दलित समुदायका अधिकार पूर्णरूपमा कार्यान्वयन गर्न माग गर्दै मञ्चले दलित समुदायमाथि भइरहेका बलात्कार, हत्या तथा दमनका घटनामा निष्पक्ष अनुसन्धान गर्नुपर्नेमा जोड दिएको छ ।

**२२ पालिकामा दलितलाई बजेट अपुग**

मधेश प्रदेशका २२ पालिकामा दलित समुदायको अवस्थाबारे गरिएको अध्ययनले पर्याप्त बजेट विनियोजन हुन नसकेको देखाएको छ । दलित सरोकार मञ्च नेपाल सप्तरीले बितेका तीन आर्थिक वर्षका नीति, कार्यक्रम र बजेटको अध्ययन गर्दै दलित समुदायको पहुँचबारे अनुसन्धान गरेको थियो ।

छ पालिकाका कार्यपालिका र सरोकारवालासँग छलफल गरिसकेको अध्ययन प्रतिवेदनमा सुरुङ्गा, जनकपुर र करैयामाई नगरपालिकामा बजेट अभाव, योजना निर्माणमा सहभागिता कमी र नीति कार्यान्वयनका चुनौती उजागर भएका छन् ।

**सुरुङ्गाः बजेट सीमितता र कार्यान्वयन चुनौती**

सुरुङ्गा नगरपालिकाकी मेयर गीता चौधरीका अनुसार संघीय सरकारले तोकेअनुसार दलित समुदायका लागि पर्याप्त बजेट विनियोजन गर्न सकिएको छैन । उनले बजेटको सीमितता, आन्तरिक स्रोतको अभाव र बीच अवधिमा माथिबाटै बजेट कटौती हुने समस्याले दलित लक्षित योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताइन् ।

दलित सरोकार मञ्च नेपालको आयोजनामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुनिलकुमार पासवानले अध्ययनले नीति निर्माणमा सहयोग पु¥याउने बताए । दलित अधिकारकर्मी दिपेन्द्र पासवानले दलित सशक्तीकरणका लागि बजेट अपुग रहेको गुनासो राखे । इन्द्र रामले दलित समुदायलाई उठिबास गराउने प्रवृत्ति रोक्न पालिकाले ठोस कदम चाल्नुपर्ने बताए ।

कार्यक्रममा केदार विश्वकर्माले दलित बालबालिकाको शिक्षामा पालिकाले ध्यान दिनुपर्ने बताए । जातीय विभेद तथा छुवाछूत अनुगमन समिति, सुरुङ्गाकी संयोजक फुलोकुमारी रामले समितिको प्रभावकारिता बढाउन पालिका नेतृत्वले विशेष प्राथमिकता दिनुपर्ने बताइन् । दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानले बजेट र दलित समुदायबीचको दूरी कम गर्न अध्ययन गरिएको बताए ।

**जनकपुरः योजना निर्माणमा दलित खोइ ?**

जनकपुर उपमहानगरपालिकामा दलित समुदायलाई बजेट निर्माणका कुनै पनि चरणमा सहभागी नगराइनु कानुन विपरीत भएको दलित अगुवाहरूले बताएका छन् । वडा नम्बर ८ की सदस्य मुन्नी दासका अनुसार कार्यपालिका सदस्यहरूले निर्णय गर्दा दलितको परामर्श लिने गरेका छैनन् । संविधानले सबै नेपाली समान भए पनि व्यवहारमा दलित समुदाय उपेक्षित रहेको उनको भनाइ थियो ।

नेपाल महिला सङ्घकी सामाजिक परिचालक किरणदेवी दासका अनुसार दलितबीचको एकताको अभावले समस्या थपिएको छ । दलित अगुवा सुनिता मेस्तरले नागरिकता र जन्म प्रमाणपत्रजस्ता आधारभूत अधिकारबाट दलित समुदाय अझै वञ्चित रहेको उल्लेख गरिन्, विशेषगरी मेहत्तर समुदायको अवस्था झन् दयनीय रहेको बताइन् । वडाध्यक्ष दीपेन्द्रकुमार साहले स्रोतसाधन प्राप्त गर्न दलित समुदाय पनि सक्रिय हुनुपर्ने बताए । कार्यपालिका सदस्य सन्जु दासले दलितका लागि बजेट विनियोजन नगर्नु अन्यायपूर्ण रहेको बताइन् ।

जनकपुर उपमहानगरपालिकाको विगत तीन वर्षको बजेट अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै दलित सरोकार मञ्चका मनीष कोइरालाले दलित समुदायलाई प्राथमिकता नदिइएको देखिएको बताए ।

**करैयामाईः आगामी बजेट दलितमैत्री होस्**

करैयामाई नगरपालिकाका दलित अधिकारकर्मीहरूले आगामी बजेट दलितमैत्री हुनुपर्नेमा जोड दिएका छन् । पालिकाको सभाहलमा आयोजित कार्यक्रममा विभिन्न वक्ताले दलित समस्या बजेट प्राथमिकतामा नपरेकोमा चिन्ता व्यक्त गरे । स्थानीय दलित अगुवा राजेश पासवानका अनुसार संविधानमै दलितहितका प्रावधान थोरै रहेको छ, त्यसमा पनि पालिकाले कार्यान्वयन नगरेको गुनासो छ ।

वडा नम्बर १ का वडाध्यक्ष सोनालाल साहले दलित समुदाय आफैं पनि सेवा सुविधाका लागि सक्रिय हुनुपर्ने बताए । वडा नम्बर ८ का वडाध्यक्ष दिनेशले शिक्षामा बढी ध्यान दिन सके दलित समुदायको स्तर उकासिने बताए । प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र महतोका अनुसार स्रोत सीमित भएकाले सबै क्षेत्रमा पर्याप्त बजेट दिन नसकिएको हो । जातीय विभेद तथा छुवाछुत अनुगमन समितिका संयोजक दीपक पासवानले दलित समुदायभित्रकै आन्तरिक विभाजनले पनि समस्या थपिएको बताए ।

करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भुप्रसाद यादवले दलितका लागि पर्याप्त बजेट छुट्याउन नसके पनि सुरुवात गरिएको बताए । कार्यक्रमका निष्कर्ष प्रस्तुत गर्दै दलित सरोकार मञ्चका मनीष कोइरालाका अनुसार पालिकाले दलित समुदायका लागि विनियोजन गरेको बजेट अझै अपुग रहेको देखिन्छ । कार्यक्रममा ६० जनाभन्दा बढी सहभागी थिए । यसअघि मञ्चले सप्तरीको कञ्चनरुप नगरपालिका, सिरहाको धनगढीमाई नगरपालिका लगायतका स्थानमा पनि छलफल गरेको थियो ।

# बैंकको ४४ करोड ऋण, सञ्चालक...




लिएका जोशी पछिल्लो समय सम्पर्कविहीन छन् । ९ महिनाअघिसम्म फार्मको जिम्मेवारीमा रहेका श्यामवदन यादवको कार्यकालमा अत्यन्त राम्रोसँग सञ्चालन भइरहेको फार्म जोशीको हातमा गएपछि बिचल्ली भएको हो । गौहत्या हुन थालेको हो । बाच्छाबाच्छीको बिचल्ली भएको हो र बैंकबाट करोडौँ ऋण लिएर सञ्चालकका नाममा जोशी र भट्टले मस्ती गर्न थालेपछि सैयौँ गाईको सामुहिक हत्या हुने अवस्था बनेको हो ।

सुवर्णपुरमा १४ बिघा जमीनमा सञ्चालनमा रहेको फार्ममा २ सय १ वटा गाई छन् । तीमध्ये खान नपाएर कमजोर बनिरहँदा तत्काल १० वटा गाई मर्ने अवस्थामा पुगेको छ । पाँच जना हेरालुको भरमा सैयौँ गाई र फार्म छाडेर सञ्चालकहरु भने हेरालुको पनि फोन उठाउन छाडेर गौहत्याको पाप बोक्दै साझेदारको जग्गा लिलामीमा पार्दै रमाइरहेका हुन् । तीमध्ये श्यामवदन यादवले आफू कार्यरत रहँदा फार्म राम्रो अवस्थामा रहेको बताए । हेरालुहरुका अनुसार, यादवका पालामा फार्मले दैनिक १ हजार ५ सय लिटर दूध बेचिरहेको थियो ।

यादवको हातबाट फार्मको जिम्मेवारी काठमाडौँका ईश्वर जोशीले लिएपछि फार्मको दुर्दशा शुरु भएको हो, गाईको मरण हुन थालेको हो । उसो त अर्का सञ्चालक गुरु भट्ट भने यस्तो दुर्दशामा रहेको फार्मबारे जानकारी लिन खोज्दासमेत चिढिए । उनले भने, 'ईश्वर जोशीलाई फोन नगरेर मलाई किन गर्नु भयो ? उहाँलाई सम्पर्क गर्नुहोस् ।' जबकि जोशीले श्याम वदन यादवलाई डुबाउन, फार्मबाट निकाल्न मालपोतबाट रिटायर्ड भट्टलाई साझेदार बनाएर उद्योग हेर्ने जिम्मा दिएका थिए र यादव निकालिएका थिए ।

फार्ममा कार्यरत पाँच हेरालुले पनि ५ महिनादेखि तलब पाएका छैनन् । यति मात्र होइन, फारमको दुर्दशाबारे जानकारी गराउन फोन गर्दा ईश्वर जोशीले फोनसमेत उठाउँदैनन् । यति धेरै गाई पालिएको फार्ममा एउटा भेटेनरी कर्मचारी पनि छैनन् । बिरामी गाईको उपचार पनि हुनसकेको छैन । जुन फार्ममा गाईलाई पिउन पानी छैन, बिजुलीको लाइन छैन, त्यहाँ भेटेनरी, उपचार, औषधी कल्पना गर्नु पनि मूर्खता हुने फार्म अनुगमनमा देखिएको छ ।

मधेशको अग्रणी सञ्चारगृह मधेशदृष्टि दैनिक, टिभी वीरगंज र रेडियो वीरंज ९९ मेगाहर्जले यस विषयमा वृहत समाचार सामग्री प्रसार गरेपछि यो विषय सबैको चासोको विषय बनेको छ । शुक्रबार ठोरी गाउँपालिकाले फार्मबारे वृहत चासो लिएर सञ्चालकलाई फागुन ११ गते बैठकमा बोलाएको छ । विद्युत् लाइन पालिकाको जिम्मामा ७ दिनलाई जोड्न लगाइएको छ । बिरामी अवस्थाको गाईको उपचार शुरु भएको छ । पर्सा प्रशासनलाई जानकारी गराएर फार्मबारे एउटा निष्कर्षमा पुग्ने तयारी भइरहेको ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए । उनले भने, 'सञ्चालकहरुले उचित व्यवस्थापन गर्न सकेनन् भने गाई गाउँलेलाई बाँडिनेछ, पछि सञ्चालकहरुले उचित पैसा दिएर किसानसँग लिनेछन् ।'

टिभी वीरगंज र रेडियो वीरगंज ९९ मेगाहर्जका अध्यक्ष एवम् कार्यक्रम प्रस्तोता ध्रुव साहले फार्ममै गएर गाईको अवस्था सदृश्य देखाएपछि पर्सा प्रशासन, स्थानीय पालिका र नागरिक समाज यसबारे सक्रिय बनेका छन् ।

मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री आफ्नै गृहजिल्लामा कृषि फार्म सञ्चालनका नाममा गाईमाथि चरम अत्याचारसँगै सामुहिक हत्या हुने अवस्था देखिएको भन्दै सञ्चालकहरुलाई कारबाहीको दायरामा ल्याइने बताउँछन् । उनले भने, 'तत्काल गाईको उपचार शुरु भएको छ, भोलि पनि त्यहाँ टोली जाने, पर्साको सिडिओलाई सञ्चालकहरुलाई बोलाएर छलफल गर्न भनेको छु, भएन भने गाई गाउँलेलाई वितरण गरिने छ ।'

**बिष्णुपुर गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**बिष्णुपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०८१/११/१०)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१/१०/०८ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान(**e-bidding**) सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति **२०८१/११/०९** गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस समेत) |
|---|---|---|---|---|
| १. | 3/NCB/WORKS /BRM/081/082 | **Adhuro wada karyalay bhawan nirman karya Musharniya wada num 3** | **Amrawati Nirman Sewa,Bishnupur-1, saptari** | २६,७९,९६२.३३/- |

प्रमुख प्रशासकीय अधिकृत

**"इज्जत,प्रतिष्ठा र विकासको लागि सरसफाई"**
Website: www.bishnupurmunsaptari.gov.np E-mail: bishnupursaptari@gmail.com

मधेशदृष्टि
वैभव



# फर्कि आउँछ कि...



वीरेन्द्र रमण

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ मा रहेको एन्जल्स स्कुलकै अगाडि छ, मनोज दत्तको घर । मनोज माओवादी सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन संयुक्त सुरक्षा फौजद्वारा पक्राउ गरि बेपत्ता पारिए । अहिलेसम्म उनको अत्तोपतो छैन । उनका परिवारसँग त्यो दिनको घटनाको चर्चा गर्दै लाग्छ हिजै त्यो घटना भएको थियो । उनका परिवारहरुका अनुसार आफनै अगाडि भएको त्यो घटना अहिलेपनि ताजै छन । मनोजकी छोरी काँखमै थिए आज उनी लोक सेवाको तयारीमा लागेकी छन् । तर त्यो दिनको त्यो घटनाले उनको परिवार नै तहसनसह भयो।

सशस्त्रद्वन्द्व उत्कर्षमा रहेको समयमा माओवादी र सुरक्षा फौज एक अर्का विरुद्ध आक्रमक रहेका थिए। जतातटै हत्या हिंसा र बम विष्फोट र आक्रमणको घटनाहरु तीव्र भईरहेको अवस्थामा माओवादीमा



लागेका मनोज भुमिगत भएको अवस्थामा आफनो परिवारसँग भेट गर्न घर आएका थिए । साथी धनुषा नगराईन नगरपालिका १का ३९ वर्षिय रामचन्द्र लाल कर्णलाई साथ लिएर घर आएका उनलाई २०६० असोज २५ गते सुरक्षाकर्मीहरुले कुटपिट गर्दै पक्राउ गरेका थिए।

त्यो घटनाको घटना सम्झिदै मनोजकी श्रीमति अन्जु भनिन्, 'घरमा आएपछि खाना खान्छु भने खाना पकाउन लागेको केही बेरमा एक जना व्यक्ति घरमा प्रवेश गरे । मनोज को हो भने कोही पनि छैन भने मनोजलाई सुरक्षाकर्मीहरुले सोधपुछ गरे उनले म घर निर्माण गर्ने कामदार हु भन्दै काम गर्न आएको भनेपछि पछि उनीसँग आएका प्रहरीले खानतलासी गरे केही कागजात भेटियो त्यसपछि थप प्रहरीहरु आए दुवै जनाको हातखुटटा बाँधेर कुटपिट गर्न थाले महिलाहरुलाई एउटा कोठामा बन्द गरे । घरको खानतलासी गरियो सुरक्षाकर्मीहरुको टोलीले घर तलासी गर्दै थियो भने अरु दुवैजनालाई कुटपिट गर्दै थियो । घर परिपरि तिन वटा सुरक्षाकर्मीहरुको अगाडि आएको थियो । आँखामा पटिट बाँधेर कुटपिट गरेर लगियो त्यो दिन देखि उनीहरु कहिले फर्किएन।'

अन्जु आज पनि पति मनोज आउँछन् भन्ने आशामा छिन् । उनले भनिन्, 'प्रहरीले लगेको वर्षो भयो एक मन भन्छ मारिए अर्को मन भन्छ जिउँदै छन् । मारेका छन् भने मनले विश्वास गर्दैन आफनै आँखा अगाडि लगेका छन् । घरमा मनोजका कान्छा भाई थियो आशा थियो घरको समस्या समाधान गर्छन आपसी विवाद हुँदा उनको पनि हत्या गरियो । त्यसपछि आफुहरुको लागि ठूलै संकट आएका छ।'

अन्जु घरकै छेउमा रहेको जानकी माध्यमिक विद्यालयमा कार्यालय सहयोगिको रुपमा काम गर्छिन्, त्योपनि कतिबेला त्यहाँबाट हटाउछन् भन्ने डर छ उनलाई । त्यहाँबाट आएका पैसाबाट छोरी पढाउन, सासु र आफनो घर परिवार चलाउन प्रयोग गरिरहेको उनको भनाई छ । 'जग्गाको नाममा यहि एउटा घर छ । सबै कुरा किनेर खानु पर्छ । वृद्ध सासु हुनुहुन्छ, आफु र उहाँको औषधि गर्दै महिना नमर्दै पैसा सिधिन्छ ।', उनले भनिन्, 'आखिर हाम्रो श्रीमान त देश र परिवर्तनकै लागे वेपत्ता भएका हुन् । पार्टी कतिपपट सरकारमा गए केही गरेनन् । छोरी छिन्, त्यो पनि पढेकी छन्, केही काम पाएको भए घर परिवार चल्थ्यो, विद्यालयमा कार्यालय सहयोगिबाट आउने पैसाबाट के चल्छ र घर ।' अहिलेपनि घरिघरि ती घटनाहरु सम्झदै परिवार मानसिक समस्याहरुबाट गुज्रिरहेको उनको भनाई छ ।

'प्रहरीले लगेको धेरै दिन भयो । अहिलेसम्म के बाँच थियो र बाँचे अहिलेसम्म आई हाल्थ्यो । हिन्दू धर्म अनुसार काजक्रिया गर्न मन छ ।' अन्जुले भनिन्, 'काजक्रिया गर्न पनि पैसा चाहिन्छ छोरी पढदै छिन् । उनको काजक्रिया गरौं कि छोरी पढाऊ । एक पटक भारतको गयामा गएर काजक्रिया गर्न मान छ । यहाँ गर्दा धेरै खर्च लाग्छ, गयामा गएर गरियौं भने थोरै खर्च लाग्छ।'

अन्जु यी कुरा बोलिरहँदा छेउमै रहेकी मनोजकी आमाको समेत आँखाबाट आँसु रसाइरहेको थियो। छोरीको पखाईमा उनको आँखाको आँसु पनि सुकेका थिए । उनले न केही बोल्छिन केवल कुरा सुन्दै छोराको फोटो टोलाएर हेरिन्छ आँखामा आउने आँसु आफनो साडिको कोरबाट पुछिन । अन्जु भन्छिन्, 'मरेको तिथिमिति त थाहा छैन तर पक्राउ गरिएकै दिन सायद मारेको होला त्यही दिनलाई मारेको सम्झेर काजक्रिया गर्ने मन छ।' उनी भन्छिन्, 'उनी मात्रै हैन अधिकांस वेपत्ता परिवारको अवस्था भने उस्तै छ । उनीहरुको समस्यालाई राज्यले कहिलेपनि सम्बोधन गर्न अग्रसरता देखाएनन् । अहिलेपनि पिडित परिवारहरु न्यायको प्रतिक्षामा छन् । उनीहरु कहिले न्याय पाउँछन । मेरो मान्छेलाई कहा लगेर कसरी र कहिले मारे त्यो भनि दिए पनि हुन्थ्यो।'

**मधेशमा कति वेपत्ता**

विद्रोह नेकपा–माओवादीले यस आन्दोलनलाई २०५२ फागुन १ गते नेपाली राजतन्त्रलाई समाप्त र जन गणतन्त्र स्थापना गर्ने उद्देशका साथ यसको सुरुवात गरेको थियो । वि.सं. २०६३ साल मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेसँग यस युद्ध समाप्त भएको थियो । यो द्वन्द्वलाई मृत्युदण्ड, नरसंहार, अपहरण र अन्य युद्ध सम्बन्धित अपराध र मानवता विरुद्धका कार्यहरूले प्रतिनिधित्व गरेको छ।

उक्त विद्रोहको परिणामस्वरूप नागरिक, विद्रोही, सेना र प्रहरी लगायतका १७,००० भन्दा बढी व्यक्तिहरूको मृत्यु भएको थियो र अधिकांश रूपमा हजारौँ ग्रामीण भूभागका मानिसहरूको आन्तरिक विस्थापन भएको थियो । बेपत्ता पारिएका मानिसहरूका लागि बेपत्ता छानबिन र सत्य निरूपणका लागि दुई छुट्टाछुट्टै आयोग बनेका थिए। सत्य निरूपण तथा मेलमिलाप आयोगमा यस सम्बन्धित ६४,००० उजुरीहरू दर्ता भएका थिए । बेपत्ता आयोग अन्तर्गत परेका ३,००० भन्दा बढी उजुरीहरूमा दर्ता भएका अनौपचारिक क्षेत्र सेवा केन्द्रका अनुसार, मृतकहरू मध्ये १,६६५ महिला हुन।

अनौपचारिक क्षेत्र सेवा केन्द्र(ईन्सेक)का अनुसार मधेसको रहेक जिल्ला द्वन्दका क्रममा वेपत्ता भएका छन । सशस्त्रद्वन्दका क्रममा मधेस प्रदेशको धनुषामा १० जना वेपत्ता पारिएका थिए । जसमा माओवादीबाट २ र संयुक्त सुरक्षाकर्मीबाट ८ जना, पर्सामा माओवादीबाट १ जना, सुरक्षा फौजद्वारा १ जना गरि दुई जना, बारामा माओवादीबाट १ जना, महोत्तरीमा प्रहरीद्वारा २ जना, रौतहटमा माओवादीद्वारा १ र सुरक्षाकर्मीद्वारा ४ जना गरि पांच जना वेपत्ता भएका थिए । त्यसैगरि सप्तरीमा माओवादीबाट १ जना र सुरक्षाकर्मीबाट ७ जना गरि ८ जना, सिरहामा माओवादीबाट २ र सुरक्षाकर्मीद्वारा ९ गरि ११ जना वेपत्ता पारिएका थिए।

**यस्तो छ बेपत्ता पार्ने कार्यको ईतिहास**

निरङ्कुश राणा शासनको १ सय ४ वर्ष र त्यस अघिको नेपालमा बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको अभिलेख पाईदैन। बरू, शासकहरूले राजनीतिक प्रतिद्वन्द्वी वा सरकार विरूद्ध लाग्नेलाई मृत्युदण्ड दिने गरेको इतिहासले बताउँछ । २००८ अज्ञात सालमा बेपत्ता पारिएका बलपूर्वक बेपत्ता पारिएका रूपमा अभिलेखित छन्।

बलपूर्वक बेपत्ता पार्ने कृत्य पञ्चायती शासन व्यवस्थाको स्थापनासँगै बढ्दै गएको हो । प्रहरीद्वारा २०१७ सालमा गिरफ्तार गरिएका रामेछापका रूद्रप्रसाद भट्टराई र २०१८ सालमा गिरफ्तार गरिएका पाँचथर रवि गाविसका कल्याण राईको हालसम्म कुनै पत्ता लाग्न सकेको छैन । त्यसैगरी २०१८ सालमै बेपत्ता पारिएका धादिङका बैकुण्ठ अधिकारी र सेते गुरूङ, पाँचथरका डाकमान तामाङ र पासाङ तामाङ, २०३६ सालमा बेपत्ता पारिएका सर्लाहीका हरिहर राय यादव तथा २०१७ वा २०१८ साल यकिन हुन नसकेको मितिमा बेपत्ता पारिएका पाँचथर जिल्ला अम्बरपुर गाविसका लालबहादुर राईको अवस्था पनि सार्वजनिक हुन सकेको छैन।

बेपत्ता हुँदाको अवस्थामा गिरफ्तार परेको भन्ने खुल्न नआए तापनि सङ्खुवासभाका महेश्वर चौलागाईं र गोविन्दप्रसाद दाहाल, भोजपुरका पूर्णलाल उदास, ओखलढुङ्गाका टीकाराम अधिकारी, रामहरि दाहाल र पहलमान कार्की, सिन्धुलीका खड्गबहादुर लुङ्गेली मगर, रामेछापका केशरबहादुर खड्का, चितवनका श्रीहर्ष खनाल, स्याङ्जाका जीतबहादुर सिंजाली (राना), लमजुङका हर्षबहादुर प्रधान, सल्यानका शङ्करप्रसाद शर्मा (रेग्मी), बाँकेका गणेशराज गौतम र बैतडीका बलभद्र जोशी पनि राजनीतिक आस्थाकै कारण बेपत्तापारिएका थिए।

काठमाडौं तथा देशका अन्य विभिन्न भागमा २०४२ असार ६ गते बम विस्फोटन भएपछि गिरफ्तार गरिएकामध्ये धनुषाका पद्मबहादुर मोक्तान (पदम लामा), ईश्वरचन्द्र लामा (ईश्वर लामा), डा. लक्ष्मीनारायण झा, सत्यनारायण झा, सूर्यनाथ यादव तथा सप्तरीका दिलीप चौधरी र शाकेतचन्द्र मिश्रसमेत सातजनालाई सरकारले बेपत्ता पारेको थियो । त्यसैताका सखुवासभाका महेश्वर चौलागाईंलाई पनि सरकारले बेपत्ता पारेको घटना सार्वजनिक भएको थियो।

पञ्चायतकालमा राजनीतिक प्रतिशोधका कारण गिरफ्तार गरी बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा छानबिन गर्न २०४७ साउन १६ गते सूर्यबहादुर शाक्य अध्यक्ष तथा वरिष्ठ अधिवक्ता वासुदेव ढुङ्गाना, डा. सच्चेकुमार पहाडी र स्व. प्रकाश काफ्ले सदस्य रहेका "प्रजातन्त्र पुनस्थापनाको सिलसिलामा बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति" को प्रतिवेदन अनुसार प्रजातन्त्र पुनस्थापनाको क्रममा २०१७ सालपछि कम्तीमा २७ जना र २०४२ सालको बमकाण्डको क्रममा सात जना नागरिकलाई बेपत्ता पारिएको थियो।

त्यसमध्ये पाँच जनाको मृत्यु भएको समितिको प्रतिवेदनमा उल्लेख छ । उक्त समितिले २०४८ वैशाख ८ गते तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसमक्ष प्रतिवेदन बुझाएको थियो । तर बिडम्बना, अहिलेसम्म उक्त प्रतिवेदनका सार्वजनिक गरिएको छैन । पहिलो नै कानुन कारवाही भएको अहिलेको अवस्था आउदै न थियो कि।

पञ्चायतकालमा मात्रै हैन त्यसपछि पनि माओवादी द्वन्दकालमा समेत थुप्रै वेपत्ता पारि । यसमा संग्लन हुनेहरुलाई कहिलेपनि दण्डित गरिएन जसको फलस्वरुप बलपुर्वक वेपत्ता पार्ने कार्य द्वन्दकालमा पनि रोकिएन आशा गरौ आउने दिनमा कहिलेपनि पनि यस्तो जघन्य अपराध हुने छैन।



वैभव मधेशदृष्टि
२०८१ साल फागुन १० गते शनिबार
Saturday 22, February 2025

# मधेश कृषि विश्वविद्यालयमा राजनीतिः

# कर्मचारी तलबविहीन, पढाइ ठप्प

आदित्य नेपाल

**काठमाडौँ ।**
धनुषास्थित यदुकुहाका राजकिशोर दासले कक्षा १२ उत्तीर्ण भएपछि कृषिमा स्नातक पढ्ने निर्णय गरे । परिवारले पनि कृषिमा स्नातक पढ्न पैसा जोहो गरिदिने बताएपछि उनी दंग भए । त्यही बेला उनले सप्तरीको राजविराजमा मधेश कृषि विश्वविद्यालय खुलेको थाहा पाए ।

'म त कृषि पढ्नलाई कतै (प्रदेश) बाहिर जानुपर्ने सोचेको थिएँ,' राजकिशोर भन्छन्, 'सप्तरी त नजिकै, बेलामौकामा घर पनि सजिलै आउनसक्ने सुविधा हुने भयो, अनि त्यहीँ पढ्ने भएँ ।' तर विश्वविद्यालयमा भर्ना कुरेका उनलाई आफ्नो खुशी खोसिए झैँ लागिरहेको छ । राजविराजस्थित मधेश कृषि विश्वविद्यालय दुई राजनीतिक दल जसपा र जनमतको खिचातानीमा पर्दा पठनपाठन त रोकिएको छ नै, नयाँ विद्यार्थीले भर्ना पनि पाएका छैनन् । कक्षा १२ को नतिजा आएको ६ महिना बितिसकेको छ । विद्यार्थी भर्नाका लागि विश्वविद्यालयले भर्ना पनि आह्वान गरेको छ । तर बजेट रोकिँदा प्रवेश परीक्षा लिन नसकेको रजिस्ट्रार भगवान ठाकुर बताउँछन् ।

मधेशका तत्कालीन मुख्यमन्त्री मोहम्मद लालबाबु राउतको पालामा २०७८ मंसिरमा वीरगंजमा मधेश र राजविराजमा मधेश कृषि विश्वविद्यालय स्थापना भएका थिए । त्यही बेला मधेश कृषि विश्वविद्यालयको उपकुलपतिमा डा. विद्यानाथ महतो र राजिस्ट्रारमा ठाकुर नियुक्त भएका हुन् । यो विश्वविद्यालयमा पहिलो वर्ष ५० विद्यार्थी भर्ना भए । तत्कालीन सरकारले पहिलो आर्थिक वर्ष २०७८÷७९ मा ३१ करोड बजेट छुट्याएको थियो । दोस्रो आर्थिक वर्षमा भने रकम छुट्याइएन । त्यसपछि आव २०८०/८१ मा ३० करोड बजेट दिइएको थियो भने, मधेश प्रदेशको गौरवको योजनामा राखेर बहुवर्षीय योजना अन्तर्गत डेढ अर्ब बजेट सुनिश्चित गरिएको थियो ।

विश्वविद्यालयले आव २०८१/८२ मा ६४ करोड बजेट माग गरेको भए पनि प्रदेश सरकारले १० लाख रुपैयाँ दियो । त्यसपछि विश्वविद्यालय नियमित गतिविधि नै गर्न नसक्ने अवस्थामा पुगेको छ । सरकारको नेतृत्व गरेको दल फेरिएकै कारण बजेट घटाएर विश्वविद्यालयलाई चल्न नसक्ने अवस्थामा पु¥याइएको एक अधिकारी बताउँछन् ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउत जसपाका थिए, अहिले जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन् ।

विभिन्न आर्थिक वर्षमा विश्वविद्यालयलाई दिइएको बजेटमा अनियमितता भएको भन्दै यो वर्ष सरकारले रकम कटौती गरेको हो । बजेट नहुँदा नयाँ भर्ना मात्र रोकिएको




छैन, पहिलो र दोस्रो वर्ष भर्ना भएकाहरूको पढाइ पनि फागुन १ गतेबाट रोकिएको चौँथो समेस्टरमा अध्ययनरत सुशान्त महतो बताउँछन् । 'पहिला मधेश प्रदेशमै कृषि कतै पढाइ हुँदैन्थ्यो । बल्लतल्ल खुलेर यतै पढ्न आएँ, तर दलीय राजनीतिले बर्बाद बनाउने भयो,' उनी भन्छन्, 'जति विवाद भए पनि पहिला कहिले पढाइ बन्द भएको थिएन ।'

### तलब नपाएपछि ताल्चा

२०८१ जेठ अन्तिम सातासम्म मधेश कृषि विश्वविद्यालयमा नियमित पढाइ भइरहेको थियो । तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारले नियमित रूपमै बजेट दिइरहेको थियो । जेठ २५ गते मधेश प्रदेशमा जनमत नेतृत्वको सरकार बन्यो र सतिशकुमार सिंह मुख्यमन्त्री बने ।

सिंहले विश्वविद्यालयमा अनियमितता भएको भन्दै असार १३ गते नीति आयोगका उपाध्यक्ष डा. सोहन साहको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति बनाए । उक्त समितिले असोज ७ गते छानबिन प्रतिवेदन बुझायो । तर प्रदेश सरकारले भदौदेखि नै बजेट रोकिसकेको थियो । बजेट रोकेयता विश्वविद्यालयका प्राध्यापक र कर्मचारीले ६ महिनादेखि तलब पाउन सकेका छैनन् । प्रदेश सरकारले छानबिन समितिको प्रतिवेदन पनि सार्वजनिक गरेको छैन । तलब नपाउँदा आफूहरू मर्कामा परेको विश्वविद्यालयका वरिष्ठ कार्यालय सहयोगी मनीष रजक बताउँछन् । राजनीतिक दलहरूको आन्तरिक विवादमा आफ्नो घरपरिवारको पेट भोको बनिरहेको उनको गुनासो छ ।

'के कारणले तलब रोकिएको भन्ने जानकारी मलाई छैन । तर परिवार पाल्न गाह्रो भइरहेको छ,' उनी भन्छन्, 'प्रशासनमा बुझ्दा मन्त्रालयबाटै बजेट रोकिएको भन्छन् ।' तलब नपाएपछि प्राध्यापक र कर्मचारीले फागुन १ गतेदेखि विश्वविद्यालयमा तालाबन्दी गरेका छन् । उपप्रध्यापक एकराम हुसेन पटकपटक विश्वविद्यालय प्रशासन र मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदा पनि सुनवाइ नभएपछि ताला लगाउन बाध्य भएको बताउँछन् । 'हामीसँग विकल्प नै भएन । हारगुहार गर्दा पनि तलब नपाएपछि ताल्चा लगायौँ,' हुसेन भन्छन्, 'तर यसले सरकारलाई छोएको छैन, हालसम्म पनि कतैबाट कुनै सूचना प्राप्त भएको छैन ।'

रजिस्ट्रार भगवान ठाकुर दुई राजनीतिक दलको लडाइँमा विश्वविद्यालय पिल्सिएको दाबी गर्छन् । छानबिन समितिलाई बहाना बनाएर




प्रदेश सरकारले आफूहरूसँग राजनीतिक प्रतिशोध साँधिरहेको उनको भनाइ छ । 'छानबिनको नाममा अनावश्यक दुःख दिनुभयो । ७१ दिन लगाएर प्रतिवेदन तयार पनि भयो तर खासै केही फेला परेन । खुद्रा खर्च धेरै भयो भन्ने समितिको निष्कर्ष छ,' ठाकुर भन्छन्, 'विश्वविद्यालय नयाँ भएर नै खुद्रा खर्च भएको हो, अनियमितता भएको छैन ।' बजेट पास गर्न कुलपति तथा मुख्यमन्त्री सिंहले सिनेटको बैठक तीन पटक बोलाए पनि एक पटक मात्र बसेको उनको भनाइ छ । उक्त बैठकमा उपकुलपति डा. महतो र आफूलाई बाहिर राखिएको ठाकुर बताउँछन् ।

विश्वविद्यालयकी सहकुलपति तथा मधेश सरकारकी शिक्षामन्त्री रानी शर्मा तिवारी भने छानबिन प्रतिवेदनबाट विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रार दुवै अनियमिततामा संलग्न देखिएको दाबी गर्छिन् । त्यही कारण बजेट रोकिएको उनको भनाइ छ ।

'उहाँहरू दुवैजना (उपकुलपति र रजिस्ट्रार) विवादित हुनुहुन्छ । मैले विश्वविद्यालयको सिनेटको नेतृत्व गरिरहेको हुनाले एक जना सचिवस्तरकै कर्मचारीलाई तलबको समस्या मिलाउन भनेको थिएँ," शर्मा भन्छिन्, "तर उपकुलपतिज्यूले मान्नुभएन ।' समिति संयोजकको आफ्नै कृषि क्याम्पस !

प्रदेश सरकारले गठन गरेको छानबिन समितिका संयोजक डा. सोहन साहले जनकपुरधाममा जनकपुर कम्युनिटी कलेज खोलेका छन् । उक्त कलेजमा कृषि विषय नै पढाइ हुने र स्वार्थको द्वन्द्व हुनेगरी डा. साहलाई छानबिन समिति संयोजक बनाइएको विश्वविद्यालयका एक कर्मचारी बताउँछन् । कृषि विश्वविद्यालयलाई निकम्मा बनाएर उनले आफ्नो कलेजमा विद्यार्थी तान्न खोजेको उनको दाबी छ ।

मधेशमा कृषि विश्वविद्यालय खोल्नुअघि यहाँका विद्यार्थी उक्त विषय पढ्न चितवन वा अन्य जिल्ला जान्थे । ती कर्मचारी भन्छन्, 'कृषि पढाएर राम्रै आम्दानी गर्न सक्ने देखेर सोहनजीले जनकपुरमा कलेज खोल्नुभयो । अहिले विद्यार्थी तान्न षड्यन्त्र रच्नुभएको छ ।'

जनकपुर कम्युनिटी कलेजको वेबसाइटअनुसार डा. साह क्याम्पसको 'बोर्ड अफ डाइरेक्टर्स सदस्य छन् । तर डा. साह भने आफू क्याम्पसको कार्यकारी पदमा नरहेको दाबी गर्छन् । आफू नीति आयोगको उपाध्यक्ष नियुक्त भएकै दिन कलेजबाट राजीनामा दिएको उनको भनाइ छ । उक्त क्याम्पस गैरनाफामूलक रहेको पनि डा. साह बताउँछन् । 'अहिले त्यो संस्थासँग मेरो कुनै सम्बन्ध छैन । खै कसरी साइटमा मेरो फोटो छ,' उनी भन्छन्, 'मधेशको जनसंख्या ६१ लाख छ, त्यो क्याम्पसमा विद्यार्थी नै चाहिएर षड्यन्त्र गरेको भन्नु हास्यास्पद हो ।'

जनकपुर कम्युनिटी कलेजका अध्यक्ष तथा प्रिन्सिपल अमित ठाकुरका अनुसार साह नीति आयोगको उपाध्यक्ष हुनुअघि क्याम्पसको प्रिन्सिपल थिए । 'अहिले उहाँ बोर्ड अफ डाइरेक्टर्स सदस्य मात्रै हुनुहुन्छ, सल्लाहकार जस्तै हो,' ठाकुर भन्छन् ।

### भवन शिलान्यासबाट उब्जेको विवाद

तत्कालीन मुख्यमन्त्री सरोज यादवले आफू नेतृत्वको सरकारले एक वर्षमा गरेका कामबारे जानकारी दिन २०८० माघ ३ गते कार्यक्रम गरेका थिए । त्यहाँ सत्ता साझेदार जनमत पार्टीका कार्यकर्ताले सरकारको विरोध गर्दै नाराबाजी गरे । उनीहरूले प्रदेश सरकारमाथि भ्रष्टाचारको आरोप पनि लगाएका थिए । उक्त कार्यक्रम महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक भवनमा भएको थियो । कार्यक्रमपछि मुख्यमन्त्री यादवले पत्रकारका प्रश्नको जवाफ दिन लाग्दा जनमत पार्टीका सचिव बीपी साहको नेतृत्वमा नाराबाजी भएको थियो । मुख्यमन्त्री यादवले शान्त रहन पटकपटक आग्रह गरेका थिए । उनीसँगै मञ्चमा रहेका जनमत पार्टीबाट मन्त्री भएका चन्दन सिंह र महेशप्रसाद यादव भने चुपचाप थिए । करिब आधा घण्टाको नाराबाजीपछि जनमतका कार्यकर्ता सभाहलबाट निस्किए । प्रदर्शनकारीहरू बाहिरिएपछि मुख्यमन्त्री यादवले आफू नेतृत्वको सरकारबाट कुनै पनि प्रकारको अनियमितता नभएको जवाफ दिएका थिए । 'जनमत पार्टी कुन नैतिकताले सरकारमा बसेको छ? सरकारमा पनि बस्ने, विरोध पनि गर्ने ? भ्रष्टाचारी सरकारमा किन बस्नुप¥यो ?' मुख्यमन्त्री यादवले रोष प्रकट गरेका थिए । विवाद त्यतिमै रोकिएन । मुख्यमन्त्री यादवले माघ ७ गते विश्वविद्यालय भवन शिलान्यासका लागि प्रमुख अतिथिका रूपमा जसपा अध्यक्ष उपेन्द्र यादवलाई निम्ता गरे, यसमा जनमतले आपत्ति जनायो । सप्तरी–२ का जनप्रतिनिधि सीके राउत भएकाले भवनको शिलान्यास उनीबाटै गराउनुपर्ने जनमतको अडान थियो । तर मुख्यमन्त्री यादवले उक्त प्रस्ताव नमानेपछि शिलान्यासको एक दिनअघि माघ ६ गते जनमतका कार्यकर्ताले विश्वविद्यालयमा तालाबन्दी गरे ।

तालाबन्दीअघि विश्वविद्यालयका उपकुलपतिलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझाउँदै सहकुलपतिसमेत रहेका तत्कालीन शिक्षामन्त्री महेश यादवसँग कार्यक्रम स्थगन गर्न माग गरेका थिए । जनमतका अध्यक्ष राउतले पनि उक्त कार्यक्रम रोक्न माग गरेर गृह मन्त्रालयलाई पत्र लेखेका थिए । तर अध्यक्ष उपेन्द्र यादवबाटै भवन शिलान्यास गराइएको थियो । विश्वविद्यालयमा कार्यरत एक कर्मचारीका अनुसार जनमतबाट शिक्षामन्त्री भएका महेश यादवले राउतबाट भवन शिलान्यास गराउन जोड गरेका थिए । 'मुख्यमन्त्रीले पनि यसमा राजनीति छेड्नुभयो । उहाँ आफैँ आइदिँदा कुनै विवाद हुने थिएन, आफ्नो पार्टी अध्यक्ष उपेन्द्र यादवलाई ल्याउने कुराले विवाद भयो,' ती कर्मचारी भन्छन्, 'त्यही विषय अहिलेसम्म पिछा लागिरहेको छ ।' भवन शिलान्यासकै दिन जनमतका कार्यकर्ता र प्रहरीबीच झडप भयो, शिक्षामन्त्री यादवसमेत घाइते भए । त्योबेला जनमतका कार्यकर्ताको नेतृत्व अहिलेका मुख्यमन्त्री सिंहले गरेका थिए । यही घटनापछि जनमत सरकारबाट बाहिरिएको थियो ।

विश्वविद्यालयभित्र हालको परिस्थिति जनमतकै हठले सिर्जना भएको सप्तरीका माओवादी नेता एवं मधेश सरकारका पूर्वमन्त्री उमेश यादव बताउँछन् । जनमतले विश्वविद्यालयमा बदलाको राजनीति गरेको उनको दाबी छ । 'उपकुलपति र रजिस्ट्रारसँग जनमतको के पुरानो लफडा छ त्यो कानूनी प्रक्रियामार्फत सुल्झाओस् । विद्यार्थीको भविष्यसँग किन खेलबाड गरिँदैछ ?' उनी भन्छन्, 'सीके राउतजस्तो वैज्ञानिक सोच भएको मान्छेले अवैज्ञानिक काम गर्न सुहाउँछ ?'

मधेश सरकारका मुख्यमन्त्री सतिश सिंह भने आफूले राजनीतिक प्रतिशोधबाट नभई छानबिन समितिको प्रतिवेदनअनुसार काम गरेको दाबी गर्छन् । उपकुलपति र रजिस्ट्रारलाई आर्थिक कारोबारमा संलग्न नगराई आफूले छुट्टै कर्मचारी खटाएर तलब खुवाउने बन्दोबस्त मिलाउँदा उपकुलपति र रजिस्ट्रारले स्वीकार नगरेको कारण तलबमा ढिलाइ भएको उनको दाबी छ ।

'प्रतिवेदनमा उहाँहरूको बदमासी देखिएको छ । कतिपय किर्ते कागज पेश गरेको पनि भेटियो । स्थायी कर्मचारीभन्दा अस्थायी कर्मचारीहरू राखिएको पायौँ,' मुख्यमन्त्री सिंह भन्छन्, 'अहिले यो विषयमा विज्ञहरूसँग रायसल्लाह लिइरहेको छु । छिट्टै समस्याको हल निकाल्ने प्रयासमा छु ।' उकालो

# विद्युतीय सुशासनका लागि ‘डाटा एक्सचेञ्ज प्लेटफर्म’

कमलकुमार बस्नेत

**काठमाडौँ ।**
विद्युतीय शासनलाई शासकीय व्यवस्थामा नविनतम उपगमका रुपमा लिइन्छ । शासन व्यवस्थालाई निष्पक्ष, तटस्थ र पारदर्शी बनाउनुका साथै सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनका लागि पनि विद्युतीय शासन अपरिहार्य बनेको छ । नेपालको शासकीय अभ्यासमा विद्युतीय उपकरणको उपयोग हुन थालेको करिब पाँच दशक भयो । नेपालको राष्ट्रिय जनगणना २०२८ मा पहिलो पटक आइबीएम १४०१ कम्प्युटरको प्रयोग भएको थियो । त्यसयता शासनमा कम्प्युटरीकृत प्रणालीको उपयोगले पारदर्शीता र कार्यकुशलता अभिवृद्धि गर्न सकिन्छ भन्ने तथ्य व्यवहारिक रुपमै स्थापित भइसकेको छ । पछिल्लो समय नेपालको सार्वजनिक प्रशासनमा विद्युतीय उपकरणहरुको प्रयोगले महत्व पनि पाउँदै गएको पाइन्छ । विद्युतीय शासनलाई बढावा दिनका लागि सरकारद्वारा गठित ‘ई–गभर्नेन्स बोर्ड’ले मुलुकको डिजिटल सेवा प्रणालीलाई प्रभावकारी बनाउन ‘डाटा एक्सचेञ्ज प्लेटफर्म’को अवधारणा अघि सारेको छ । नागरिकलाई सार्वजनिक सेवा सहज रुपमा उपलब्ध गराउने उद्देश्यले उक्त अवधारणा अघि सारिएको बोर्डले जनाएको छ ।




हाल छुट्टाछुट्टै सरकारी सेवा लिन पटक–पटक व्यक्तिगत विवरण पेस गर्नुपर्ने बाध्यता हटाउन र सेवाप्रवाहलाई सरलीकरण गर्न उक्त अवधारणा अघि सारिएको हो । डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माणपछि सेवाग्राहीले सरकारी सेवा लिँदा पटक–पटक व्यक्तिगत विवरण बुझाउनुपर्ने बाध्यता रहने छैन भने यसबाट सेवाप्रवाह छिटो छरितो हुनुका साथै, पारदर्शी र बढी विश्वसनीयता वृद्धि हुनेछ ।

ई–गभर्नेन्स बोर्ड्का उपसचिव डा कमल पौडेल हाल विद्युतीय सुशासनको ब्लुप्रिन्ट निर्र्माण भइ छलफलका क्रममा रहेको बताउनुहुन्छ । उक्त ब्लुप्रिन्टको मुख्य उद्देश्य सूचना तथा प्रविधिको प्रयोगबाट सरकारी काम कारबाही तथा सेवा प्रवाहको दक्षता अभिवृद्धि गर्दै थप प्रभावकारी, पारदर्शी र जवाफदेशी बनाउनु रहेको छ । नागरिकका वैयक्तिक तथा जैविकीय विवरण एकपटक मात्रै प्रविष्ट गर्दै झन्झटरहित सेवा प्रवाह गर्न तथा सेवा प्रवाहमा सरलीकरणका लागि डिजिटल नेपालका विभिन्न पहललाई एकीकृत ढाँचामार्फत विकास गर्न विद्युतीय सुशासन ब्लुप्रिन्ट तयार भइसकेको छ ।

‘डिजिटल परिवर्तनले समाजमा अन्तरनिहित सम्भावनालाई प्रस्फुटन गर्न मद्दत गर्छ, यसले नागरिकलाई व्यक्तिगत रुपमा र निजी, उद्यमी तथा सार्वजनिक क्षेत्रलाई व्यावसायिकरुपमा सक्षम, पारदर्शी र जवाफदेही बनाउँछ’, बोर्डले भनेको छ । हाल सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउनका लागि नागरिक एप विकास गरी कार्यान्वयनमा छ । तर अझै पनि विभिन्न संस्थाबीचमा डाटा आदानप्रदान सहज रुपमा हुन सकेको छैन । यी सबै समस्या समाधानका लागि डाटा एक्सचेञ्ज प्लेटफर्मको आवश्यकता महसुस गरिएको उनको बुझाइ छ । सबै सरकारी तथा निजी संस्थालाई एउटै डाटा प्रणालीमा एकीकृत गर्ने अवधारणा अनुसार उक्त काम शुरु गरिएको हो । हाल नागरिक एपले विभिन्न सरकारी निकायसँग छुट्टाछुट्टै प्रणालीमार्फत डाटा आदानप्रदान गर्नुपर्ने बाध्यता छ । यसले सेवा प्रवाह ढिला हुने, प्रणाली असङ्गठित हुने तथा प्रविधिगत रुपमा खर्च बढ्ने समस्या देखिन सक्छ । खास गरी कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष जस्ता संस्थाले नागरिक एपसँग डाटा आदानप्रदान गर्दा आफ्नै छुट्टै मापदण्ड अपनाउनु परेको छ । यसले डाटा साझा गर्ने प्रक्रियामा जटिलता थपेको छ । उदाहरणका लागि अस्पताल र बीमा कम्पनीबीच स्वास्थ्यसम्बन्धी डाटा आदानप्रदानको सहजता नहुँदा बिरामीको उपचारका क्रममा उसको विगत तथा बीमासम्बन्धी जानकारी लिन कठिन हुने अवस्था छ । त्यसबाहेक एपीआई (एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस) को पनि समस्या छ । यसका लागि पनि डाटा एक्सचेञ्ज प्लेटफर्मको आवश्यकता महसुस गरिएको छ ।

हाल नागरिक एपले प्रत्येक संस्थासँग छुट्टाछुट्टै एपीआई बनाउनुपर्ने अवस्था छ । यसले प्रणालीलाई सहज बनाउन नसकेको जानकारहरु बताउँछन् । डाटा एक्सचेञ्ज प्लेटफर्म कन्द्रीय डाटा व्यवस्थापन प्रणाली हो । यसले सरकारी तथा निजी संस्थाबीच स्वचालित, सुरक्षित र प्रभावकारी रुपमा डाटा आदानप्रदान गर्न सहयोग गर्नेछ ।

एकीकृत डाटा व्यवस्थापन केन्द्रका प्रमुख मनीष भट्टराई डाटा एक्सचेञ्ज प्लेटफर्म एक वृहत अवधारणा भएको बताउँछन् । ‘यो विभिन्न प्रणालीलाई एकापसमा जोड्ने वृहत अवधारणा हो, हाल सानो इकाइका रुपमा नागरिक एप सञ्चालनमा छ, यसले विभिन्न निकायलाई डाटा लिन सजिलो भएको छ, वृहत रुपमा डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माण गर्दा निजी र सरकारी सबैलाई सहज हुन्छ’, उनले भने । अहिले नागरिक एपबाट करको विवरणदेखि लब्धाङ्कपत्र (मार्कसिट) समेत हेर्न सकिन्छ । एउटै एपबाट धेरै काम गर्न सकिने अवस्था छ । यसलाई अझ राम्रो बनाउन र डाटा आदानप्रदानलाई सहज बनाउन डाटा एक्सचेञ्ज प्लेटफर्मको अवधारणा ल्याइएको हो ।

‘डाटा एक्सचेञ्ज विशेष गरी सुशासन र पारदर्शीतासँग सम्बन्धित छ, त्यसबाहेक सहज र प्रभावकारी सेवाका लागि पनि यो आवश्यक छ’, प्रमुख भट्टराईले भने । राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी मधुसुदन बुर्लाकोटी डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माणले सबै क्षेत्रलाई फाइदा पुग्ने बताउँछन् । ‘डाटा एक्सचेञ्ज प्लेटफर्म आफैले काम गर्ने होइन, संस्थाहरुले कसरी डाटा लिने र प्रयोग गर्ने भन्नेले अर्थ राख्छ, हाम्रो हकमा तथ्यांक सङ्कलनमा यसले ठूलो सहयोग गर्छ’, उनले भने । उनले राष्ट्रिय तथ्याङ्क कार्यालयले पनि डाटा विश्लेषणमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग गर्ने तयारी गरिरहेको जानकारी दिए ।



‘आजका दिनमा नीति निर्माणदेखि सेवा प्रवाहसम्मका लागि डाटाले ठूलो काम गर्छ’, उनले भने, ‘यही आवश्यकतालाई महसुस गरी कार्यालयले अबको एक÷दुई महिनामा एआईमा आधारित डाटा विश्लेषण गर्ने तयारी भइरहेको छ ।’ सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा विद्युतीय सुशासन र व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानुन निर्माण गर्ने उल्लेख गरेको छ । विद्युतीय सुशासन ब्लुप्रिन्ट तथा रणनीति तर्जुमा गरी व्यवसायको कार्यप्रक्रिया पुनःसंरचा गरिनेछ । विद्युतीय प्रणालीबीच अन्तरआबद्धता कायम गर्न इन्टरनेट तथा डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । ‘विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवा एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र समेत सञ्चालनमा ल्याइनेछ’, नीति तथा कार्यक्रममा भनिएको छ ।

डाटा एक्सचेञ्ज प्लेटफर्ममार्फत एकीकृत डाटा मापदण्ड बनाउन सकिन्छ । जसमा सबै सरकारी तथा निजी संस्थाले एउटै साझा मापदण्डमा डाटा आदानप्रदान गर्न सक्छन् । यसमार्फत सबै संस्थालाई एकैपटक एकै ठाउँमा जडान गर्न सकिन्छ । एक पटक उक्त प्लेटफर्ममा आबद्ध भइसकेको संस्थाले तोकिएको डाटा प्रयोग गर्न सक्छन् । त्यसैगरी यसमार्फत नागरिक एपले पनि प्रत्येक संस्थासँग फरक फरक एपीआई बनाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ ।

यो प्लेटफर्म निर्माणले सरकारी एजेन्सीबीच समन्वयमा सहज हुनेछ । हाल नेपालमा राष्ट्रिय परिचय पत्र, भन्सार विभाग, आन्तरिक राजश्व विभाग, ट्राफिक व्यवस्थापन, महालेखा नियन्त्रक कार्यालयलगायत निकायले स्वतन्त्र रुपमा डाटा सञ्चालन गर्दै आएका छन् । उक्त प्लेटफर्मको प्रयोगले यी सबै संस्थालाई एकापसमा आबद्ध बनाउनेछ । यसले डाटाको सुरक्षा गर्दै डाटा चोरी, अनधिकृत पहुँच तथा साइबर आक्रमणलाई समेत नियन्त्रण गर्ने अपेक्षा छ ।

त्यसैगरी हाल सरकारी संस्थाले निजी कम्पनीसँग डाटा साझा गर्न कानूनी तथा प्रविधिगत चुनौती भोगिरहेको अवस्थामा यसलाई सुरक्षित रुपमा सरकारी डाटासँग जडान गर्ने अवसर मिल्नेछ । सरकारले डिजिटल युगलाई आत्मसात् गर्दै सरकारी सेवा प्रणालीलाई तीव्र, पारदर्शी, तथा सुरक्षित बनाउन यस प्लेटफर्मलाई प्राथमिकता दिएको छ । यो लागू भएपछि सरकारी सेवा प्रवाह छिटो हुने, प्रशासनिक काम सरल हुने र डाटा सुरक्षामा सुधार आउनेछ ।

डिजिटल युगमा डाटा र विद्युतीय सुशासन पारदर्शिता, दक्षता, र प्रगतिका मुख्य आधार हुन् । विद्युतीय सुशासन केवल प्रविधि मात्र नभइ शासन पद्धतिको परिवर्तन हो भन्ने अवधारणामा हाल बोर्डले काम गरिरहेको छ । यसको निर्माणपछि नागरिकले मेरो डाटालाई कसले हेर्यो ? कुन समयमा हेर्यो ? लगायतका जानकारी समेत प्राप्त गर्न सक्नेछन् ।

विद्युतीय सुशासन सरकारी सेवाको मात्र डिजिटाइजेसन होइन, यो सरकार, नागरिक र व्यवसायबीचको अन्तरक्रियाका लागि पनि भएको बोर्डले जनाएको छ । बोर्डले डिजिटल रूपान्तरणलाई अघि बढाउन विभिन्न स्तम्भको पहिचान गरेको छ, जसमा स्पष्ट शासन ढाँचा, कानुनी सुधार, डिजिटल साक्षरता, र अन्तर्राष्ट्रिय सहकार्यलगायत समावेश छन् ।

बोर्डका अनुसार विद्युतीय सुशासन २० प्रतिशत प्राविधिक र ८० प्रतिशत शासकीय मामिलामा आधारित हुन्छ । जस्तै, डाटाबेसहरूको अन्तरसङ्गठनात्मकता सुनिश्चित गर्न कानुनी सुधार र प्रयोगकर्ताको डाटा एक पटक मात्र सङ्कलन गर्ने नीति अवलम्बन गर्दै सेवा सजिलो बनाउने विषय समेत समावेश छन् ।

विद्युतीय सुशासनका माध्यमबाट मुलुकको आर्थिक वृद्धि र सामाजिक प्रगतिमा ठूलो प्रभाव पार्छ । प्रभावकारी डाटा आदानप्रदानले सार्वजनिक सुरक्षामा सुधार, भ्रष्टाचारमा कमी, पारदर्शितामा अभिवृद्धि र विदेशी लगानीमा वृद्धि गर्न मद्दत पुर्याउँछ ।

सरकारले निर्माण गरेको सोह्रौँ योजनामा पनि सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त तथा प्रभावकारी बनाउन अनुहाररहित र कागजरहित बनाइ विद्युतीय सुशासन प्रवद्र्धन गर्ने, एउटै विवरण एकपटक मात्रै सङ्कलन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने र अन्तरआबद्धताका लागि डाटा एक्सचेञ्ज प्लेटफर्मको स्थापना तथा सञ्चालन गर्ने उल्लेख छ । त्यसबाहेक डिटिजल अर्थतन्त्र र डिजिटल समाज निर्माणमार्फत स्मार्ट राष्ट्र निर्माणका लागि विद्युतीय सुशासन ब्लुप्रिन्टको व्यवस्था गर्ने विषय समेटिएको छ । यसबाट सरकार नीतिगत रुपमै विद्युतीय सुशासन संस्थागत गर्दै यसको जगमा शासकीय कार्यकुशलता र प्रभावकारिता हासिल गर्न प्रतिबद्ध रहेको देखिन्छ । उक्त अवधारणा कार्यान्वयनका लागि आगामी दिनमा विद्युतीय सुशासन ब्लुप्रिन्ट निर्माण गरी शासनको विद्युतीय रुपान्तरणको नक्साङ्कन गर्ने र सार्वजनिक निकायको व्यवसाय प्रक्रिया पुनःसंरचनालाई प्राथमिकताका दिएको छ । त्यसबाहेक बोर्डले नागरिक सेवा केन्द्रमार्फत सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र नियमित बनाउन नागरिक सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी परीक्षणका रुपमा केही स्थानीय तहमा नागरिक सेवा केन्द्र स्थापना गर्दै सम्पूर्ण स्थानीय तहमा जाने गरी काम गर्ने जनाएको छ । रासस

# जनताले प्रजातन्त्रको पूर्ण अनुभूति गर्न पाउनुपर्छः सांसद सुनार



“

*सांसद भुवनबहादुर सुनारको परिचय*

*नेकपा (माओवादी केन्द्र) का गण्डकी प्रदेश सचिवालय सदस्य भुवनबहादुर सुनार अहिले राष्ट्रियसभा सदस्य हुन् । ७० वर्ष पहिले गोरखास्थित पालुङटार बरसारेमा जन्मिनुभएका सुनार गण्डकी प्रदेशबाट २०७८ सालमा राष्ट्रियसभा निर्वाचन भएका थिए । उनी तत्कालीन नेकपा माओवादीको सशस्त्र युद्धमा सहभागी पनि भएका थिए ।*

”

**काठमाडौँ ।**
म पहिलो पटक राष्ट्रियसभाको सदस्य भएको हो । यसकारण यो नै मेरो पहिलो संसदीय अभ्यास हो । संसदीय अभ्यासमा लागेको तेस्रो वर्ष पूरा भएको छ । यसक्रममा राष्ट्रियसभामा केही न केही गर्नुपर्छ भनेर लागिपरेको छु । गत वर्ष दुई वर्षको समीक्षासमेत गरेको थिएँ । अहिले तेस्रो वर्षको समीक्षा गर्ने बेला भएको छ । यो दुई वर्षको समीक्षामा मैले राम्रो काम गरेको पाएँ । खासगरी मैले राष्ट्रियसभामा दलितका अधिकारका सम्बन्धमा आवाज उठाउँदै आएको छु । जिन्दगीमा भोगेको जातीय छुवाछुतको विभेद्ले नै मलाई राजनीतिमा ल्याएको हो । यो विभेद् अन्त्य हुनुपर्छ र हाम्रा भावी पुस्ताले विभेद् सहन नपरोस् । यही मुद्दा बोकेर म नेपालको राजनीतिमा लागेको पनि ५० वर्ष पुगिसकेको छ । राजनीतिमा माध्यमिक विद्यालयमा अध्ययन गरेदेखि नै प्रभावित भएँ । २०३४ सालमा लक्ष्मी माविले आयोजना गरेको वनभोजमा मैले पानी लिएर आएको थिएँ । गुरुहरुले त्यो पानी फाल भनेका थिए । हामीले पानी फालेनौँ । त्यसपछि अझै विद्रोहको भावना आयो । पछि म शिक्षक पनि भएँ । त्यो बेलामासमेत विभेद् खेप्नुपरेको थियो ।

नेपालमा राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा आन्दोलन भएका थिए । आन्दोलनबाट परिवर्तन पनि भएको छ । हामीले आन्दोलनबाट राजतन्त्र फालेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि ल्यायौँ । देशमा जे तन्त्र आए पनि जनताले लोकतन्त्र प्राप्त भएको पूर्ण अनुभूति गर्न पाउनुपर्छ । राजा हटेपनि राजनीतिक दलका नेतामा पुरानै राजकीय शैली झल्किएको देखिन्छ । अहिले पनि कुनै ठाउँमा राष्ट्रपति वा प्रधानमन्त्री जानुप¥यो भने तामझाम उत्तिकै छ । जनताले उनीहरुलाई सजिलै भेट्न पाउँदैनन् । उनीहरुको दैनिक गतिविधि अहिले पनि उच्च घरानाको जस्तो देखिन्छ । देश राजतन्त्रबाट लोकतन्त्र हुँदै गणतन्त्रमा प्रवेश गरेको छ । तर



जनताको अवस्था भने उस्तै छ । त्यसैले मुख्य कुरा जनताको अवस्था परिवर्तन हुनुपर्छ भन्ने हो । त्यो परिवर्तन अझै हुन सकेको छैन । पछिल्लो सयममा माओवादीले सुरु गरेको सशस्त्र युद्धसँगै जनतामा केही राजनीतिक चेतना बढ्दै गएको छ । जनता आफैँ सक्रिय हुँदै आएका छन् । यो लोकतान्त्रिक व्यवस्थाबाट पछाडि फर्किने भन्ने हुँदैन । तर लोकतन्त्रलाई सुदृढीकरण गर्नुपर्छ । यही व्यवस्थाको अभ्यास गरिरहेका राजनीतिक दल र दलका नेतामा सुधार आउनुपर्छ । राजतन्त्र फाल्ने नेता आफैँ त्यस्तै बन्न भएन । नेपाली राजनीतिमा राजनेता नभएका कारण अहिले नेपाली जनता खुसी र सुखी हुन सकेका छैनन् ।

दलका शीर्ष नेता पनि जनताका नेता बन्न सकेका छैनन् । अब नयाँ पुस्ताले सशक्तरुपमा राजनीतिको नेतृत्व गर्नुपर्छ । लोकतन्त्रलाई अझै सुदृढ बनाउनका लागि दल र दलका नेताले इमान्दारीपूर्वक काम गर्नुपर्छ । दलका नेताले हिजोका दिनमा जनतासामु राखेका प्रतिबद्धता व्यवहारिक रुपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । सबैभन्दा पहिला देशमा भएको भ्रष्टाचार अन्त्य गर्नुपर्छ । नेता जनताप्रति उत्तरदायी हुनुपर्छ । मलाई नेकपा (माओवादी केन्द्र) ले दलित कोटाबाट राष्ट्रियसभाको सांसद बनाएको हो । संसद्मा रहँदैगर्दा खासगरी दलित समुदायको बारेमा कानुन बनाउन पहल गर्दै आएको छु । ‘संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद् र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने’ भनिएको छ । तर संविधानको मर्म र भावना अनुरुप दलित सहितको समावेशी मन्त्रीमण्डल बनेको देखिँदैन । संविधानको धारा २४ र ४० मा दलितको हक सुनिश्चित गरिएको छ । तर दलितसम्बन्धी अहिलेसम्म कानुन बन्न सकेको छैन । कानुन बनाउनका लागि पहल गर्दै आएको छु । धारा ४२ (१) अनुसार सामाजिक रूपले पछाडि परेकालाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था छ । तर यसको व्यवहारिक कार्यान्वयन भएको देखिँदैन । देशमा दलितहरू करिब १३ प्रतिशत छन् । तर मन्त्रिपरिषद्मा दलित प्रतिनिधित्व कमजोर छ । दलित समुदाय सक्रिय रूपमा राजनीतिक पार्टीमा आबद्ध भए तर आर्थिक, सामाजिक र राजनीतिकलगायत राज्यको मूलधारबाट किनारमै छन् ।




पछिल्लो समय राजनीतिक रुपमा राम्रो संस्कार छैन । धेरै युवा विदेश गएका छन् । उसले त्यही किसिमको परिवर्तन चाहन्छ । उतैको जस्तो विकास खोजेर अहिल्यै पनि सम्भव हुँदैन नि त । विदेशसँग तुलना गरेर हुँदैन । यहाँको स्रोत र साधनको पर्याप्तता अनुसारको कुरा गर्नुपर्छ । जताभावी रुपमा नेतालाई गाली मात्रै गर्ने, अविश्वास गर्ने पनि चलन छ । भौगोलिक विकटता छ । त्यही खोजेर गलत कुरा प्रचारप्रसार गर्नु राम्रो होइन । हाम्रै अवस्था अनुसार हुनुपर्छ । भएका बाधा व्यवधान हटाउनुपर्छ । अर्को कुरा नेपालमा बन्नुपर्ने कानुन नबनेको पाएँ । मैले दलित समुदायका अपमानजनक नाम थरहरु हटाउन सदनमा विषयवस्तु राखेँ । गृहमन्त्रीले परिवर्तनका लागि आदेश गर्नुभएको छ । विद्यार्थीको परिचयपत्रमा पनि सच्याउन पाउनुपर्छ भनेर आवाज उठाइरहेको छु । राष्ट्रियसभामा १९ बुँदे सङ्कल्प प्रस्ताव स्वीकृत गराएँ । त्यसपछि सो अनुसार कार्ययोजना बनायौँ । त्यसलाई अगाडि बढाइरहेका छौँ । आउँदा वर्षमा जातीय विभेद् तथा छुवाछुत ऐनको दोस्रो संशोधन, वन ऐन, भूमिसम्बन्धी ऐन, सार्वजनिक खरिद ऐन संशोधन गर्न लागिरहेको छ ।

संविधान संशोधनका नाममा महिला, आदिवासी जनजाति, मधेशी, दलित र उत्पीडित समुदायले पाएको अधिकार कटौती गर्न हुँदैन । संविधान संशोधन गर्ने हो भने उनीहरुको पक्षमा हुनुपर्छ । त्यसैले प्राप्त अधिकार जोगाउनका लागि सीमान्तकृत समुदाय एकजुट हुन जरुरी छ । सामाजिक न्याय र समृद्धिको लागि मुख्यगरी देश चलाउने शीर्ष नेताहरु इमान्दार हुनुपर्छ । शीर्ष नेताले संविधानको पालन गर्नुपर्छ । नेताहरु आफैँले बनाएको कानुन कार्यान्वयन नगर्ने र नमान्ने हुनु हुँदैन । रासस



**आलुको व्यापार:** बारामा उत्पादन भएको आलु बिक्री गर्नका  लागि वीरगञ्जको पुरानो मिनाबजारमा टयाक्टरबाट झार्दै श्रमिकहरु । अहिले यहाँ प्रति क्विन्टल दुई हजार १०० सयमा आलु बिक्री भइरहेको छ । तस्बिरः हिमाल लम्साल/रासस

# सोहिजनका बोट फुलेर सेताम्यः किसानको मुहारमा खुसी

**मधेशदृष्टि**
**महोत्तरी ।**
सोहिजनका बोट (रुख)मा सेताम्य फूलेपछि यहाँका किसान खुसी भएका छन् । बोलिचालीमा मुन्गा भनिने यो तरकारीको मधेशको मिथिला क्षेत्रमा विशेष महत्व छ । ‘यसपालि सोहिजन राम्रो फुलेको छ, पूm लअनुसार फल लागे मनग्गे आम्दानी लिन सकिन्छ’, बर्दिबास–२ ओमशान्ति चोकका भोला महतो भन्छन्, ‘वैशाखमा त बजार पु¥याउन नपाउँदै बिक्री हुन्छ ।’ मिथिलाक्षेत्रमा वैशाख सङ्क्रान्तिमा मनाइने जुडशीतल पर्वमा यसबाट विशेष परिकार बनाउने चलन छ ।

माघमा फुल्ने र चैत अन्तिमतिर फल्ने सोहिजन बजारमा रुचाइने तरकारीमा पर्छ । हाँगा काटेर पाखो जग्गा र खेतका आलीमा गाडेर मात्रै पनि सोहिजनको खेती गर्न सकिन्छ । ‘न गोडमेल चाहिने, न अरु बालीलाई जस्तो स्याहार चाहिने, सामान्य रेखदेखमात्रमै यो हुर्काउन सकिन्छ’, भङ्गाहा–४ रामनगरका जुगल सदा मुसहर भन्नुहुन्छ, ‘घर पछाडि दुई÷तीन वटा बोट छन्, बर्सेनि यसको बिक्रीबाट ८/१० हजार आम्दानी हुन्छ ।’



पछिल्लो समय यसको माग बढ्न थालेपछि किसानहरु पनि व्यावसायिक खेतीमा आकर्षित हुन थालेका छन् । मौसमी तरकारी मानिने सोहिजन अब बा¥हैमास फल्ने पनि बाक्लै बढ्दै गएको यहाँका किसानको भनाइ छ ।

‘पहिले त पाँच/छ वटा बोट थिए, पछिल्ला पाँच वर्षयता बर्सेनि अलिअलि बढाउँदै अहिले २५ वटा पु¥याएको छु’, भङ्गाहा–५ भूचक्रपुरका किसान भगलु महतो भन्छन्, ‘अन्य कुनै बालीभन्दा यसबाट बढी नगद लिँदै आएको छु ।’ सोहिजनको तरकारी गुणकारी भएकाले मैथिल भान्सामा यसको उच्चस्थान रहेको स्वास्थ्यविज्ञ बताउँछन् । ‘यो गुणैगुणले भरिपूर्ण छ, यसको सेवनका धेरै फाइदा छन्’, वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा भन्छन्, ‘मूत्रविकारको समस्यामा यो उपयोगी मानिन्छ ।’ लोहतत्व (आइरन), फोलिक एसिड र भिटामिन बी–१२ प्रचूर मात्रामा हुने सोहिजन शरीरमा प्रतिरोधात्मक क्षमता बढाउन, नशा बाउडिने रोग निदान गर्न, मधुमेह नियन्त्रण गर्न, छालासम्बन्धी समस्या हटाउन र गर्भमा रहेको बच्चाको शारीरिक विकासका लागि राम्रो मानिन्छ ।

तरकारीमा पूm ल, कलिलो मुन्टा र लामो डोलो कोसा हुने फल प्रयोग गरिँदै आइएकोमा पछिल्ला वर्षमा यसको छिप्पिएको पातको पनि महत्व बढ्न थालेको छ । घरघरकै जस्तो समस्या बनेको मधुमेह रोग नियन्त्रणका लागि सोहिजनका पातको धुलो खाने प्रचलन बढ्दै जाँदा यसको महत्व झनै बढेको हो । अहिले ठूलाठूला आयुर्वेदिक औषधि कम्पनीले सोहिजनको पातको ‘मोरिङ्गा पाउडर’ बनाएर राम्रो मूल्यमा बेचिरहेका छन् । यी कम्पनीले काम बढाउँदै लाँदा बस्तीबस्तीमा अब सोहिजनको पात खोज्ने व्यापारी घरघरै आउने गरेका गौशाला–१२ पडरियाका योगेन्द्र दास बताउँछन् । सरकारले मधेशमा यसको व्यावसायिक खेती गर्नेलाई बीउ र अन्य आवश्यक सुविधा दिनसके किसानका लागि यो आम्दानीको राम्रो स्रोत बन्न सक्ने बर्दिबास–८ का वडाअध्यक्ष शमशेरसिंह लामाको भनाइ छ । यसभेगका किसानले अब तीनै तहका सरकारसँग सोहिजन खेतीलाई उकास्न सहयोग गर्नुपर्ने बताएका छन् । रासस

# १२ वर्षमा आँखाको ज्योति फर्किएपछि...




**मधेशदृष्टि**
**सर्लाही ।**
हरिवन नगरपालिका–८ का ९१ वर्षीय नरबहादुर खड्का आँखाको ज्योति फर्किएपछि मक्ख छन् । नेपाल नेत्र ज्योति सङ्घले निःशुल्क सञ्चालन गरेको शिविरमा आँखाको शल्यक्रियापछि उनले फेरि संसार देख्न पाएका हुन् । लामो समयदेखि मोतियाविन्दुको समस्याबाट पीडित उनले शल्यक्रिया गरेपछि स्पष्ट देखिएको बताए । आँखा नदेख्दाको पीडा शब्दमा वर्णन नहुने र अन्धकारबाट पुनः उज्यालोमा फर्कदाको खुशी पनि शब्दमा व्यक्त नहुने उनले सुनाए । ज्येष्ठ नागरिक खड्काजस्तै हरिवन नगरपालिका–३ निवासी रामविलास महतोले पनि ९१ वर्षको उमेरमा आँखाको ज्योति पाएका छन् । आँखाको शल्यक्रिया पछि बिहीबार पट्टी खोलेका उनले हर्षविभोर हुँदै गहँभरि आँसु पारेर भने । ‘यो उमेरमा फेरि आँखा देख्न पाइयो भेटिएजस्तै भएको छ,’ विपन्न परिवारका उनले खर्च अभावमा उपचार गराउन नसकेको दुखेसो गरे ।
शिविरमा ९० वर्षका अर्का वृद्ध गणेशमान घिसिङको पनि मोतियाविन्दुको सफल शल्यक्रिया गरिएको थियो । शिविरमा एक सय ७५ जनाको आँखाको मोतियाविन्दुको शल्यक्रिया गरी आँखाको ज्योति फर्काइएको आँखा उपचार केन्द्रले जनाएको छ । मोतियाविन्दुको पहिचानको लागि हरिवन र बरहथवा नगरपालिकामा गरी पाँच स्थानमा परीक्षण शिविर सञ्चालन गरिएको थियो । शिविरमा एक हजार ३७ जनाले स्वास्थ्य सेवा लिएका नेत्र ज्योति सङ्घले जनाएको छ । शिविरमा दुई सय ७० जना मोतियाविन्दुका बिरामी फेला परेका थिए । शिविरमा आएकामध्ये एक सय ५० जनालाई निःशुल्क चस्मासमेत वितरण गरिएको थियो । रासस

# पूर्वराजाको अभिव्यक्तिको स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वराजाको अभिव्यक्तिको स्वागत गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) पर्साले वीरगंजको घण्टाघरमा दीप प्रज्वलन गरेको छ । शुक्रबार साँझ राप्रपाका नेता तथा कार्यकताहरुले दीप प्रज्वलन गरी पूर्व राजा ज्ञानेन्द्र साहले राष्ट्रिय प्रजातन्त्र दिवसको पूर्व सन्धयामा दिएको अभिव्यक्तिको स्वागत गरेका हुन् । अर्जुन बहादुर सिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा नगिना यादव, अंगत ठाकुर, किरण मान डंगोल, शम्भु घिघिरे लगायतकाको उपस्थिति रहेको थियो ।

# १४ अर्ब ५२ करोड राजस्व सङ्कलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा १४ अर्ब ५२ करोड १६ लाख ५४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । यो गत आवको सोही अवधिमा सङ्कलित रकममा सात अर्ब ९५ करोड रुपैयाँले बढी हो । उक्त कार्यालयले उक्त अवधिमा एक खर्ब २१ अर्ब ८१ करोड ६६ लाख ४६ हजार रुपैयाँ सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार औद्योगिक कच्चापदार्थ र पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्व सङ्कलन पनि बढेको हो । ‘दुई महिनायतादेखि राजस्व असुलीमा वृद्धि भइरहेको छ’, उनले भने । गत साउनमा १२ अर्ब १५ करोड, भदौमा १३ अर्ब ४२ करोड र असोजमा १३ अर्ब ४७ करोड रुपैयाँ राजस्व असुली भएको थियो । यो कार्यालयलाई चालु आवमा दुई खर्ब १८ अर्ब ९५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्न सरकारले निर्देशन दिएको छ ।

# गौतम स्कुलमा फुड फेस्ट एवम् कला प्रदर्शनी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–१३ पावर हाउस चोकस्थित गौतम स्कुलका विद्यार्थीहरुले फुड फेस्ट एवम् कला प्रदर्शनीको आयोजना गरेका छन् । शुक्रबार स्कुलकै हलमा आयोजना गरिएको फेस्टमा उनीहरुले विभिन्न समुदायका विशेष परिकार बनाएका थिए । फेस्टमा नेवारी, मधेशी, थारु, मुस्लिम, मारवाडी समुदायले खाने विशेष परिकार पस्किएको थियो । स्कुलमा अध्ययनरत कक्षा ८ (ए) र ८ (सी)का विद्यार्थीहरुले आफ्नो पाक कलालाई सामुहिकरुपमा प्रदर्शन गरेको फेस्टकी संयोजक शिक्षिक सविता तिवारीले बताइन् । उनले विद्यालयमा पढाईका साथसाथै विद्यार्थीहरुमा विभिन्न क्रियाकलाप एवम् शीपको पनि विकास होस् भन्ने उद्देश्यले फुड फेस्टको आयोजना गरिएको शिक्षिका तिवारीले बताइन् । दुई वटै सेक्सनका करिब ९० जना विद्यार्थीहरुले वीरगंजमा रहेका विभिन्न समुदायको विशेष परिकार पकाएर त्यहाँ उपस्थित अतिथिहरुलाई खुवाएको बताइन् ।

त्यसैगरी गौतम स्कुलको कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरुले सांस्कृति एवम् परम्परागत नेपाली समाज, इतिहास, ऐतिहासिक एवम् धार्मिक मन्दिर, मिथिला कला संस्कृति, हिन्दू, इस्लाम तथा वुद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्रलगायतको ‘क्राफ्ट’ प्रदर्शनी गरेका थिए । करिब १ सय जनाभन्दा बढी विद्यार्थीहरुको सहभागितामा सो प्रदर्शनी गरिएको थियो । प्रदर्शनीले नेपाली समाजको वस्तुस्थिति, समाजको बनावट, सामाजिक एकता र सद्भाव, आफ्नो इतिहासलाई बुझन र बुझाउन सहयोग पुग्ने विश्वास लिइएको सामाजिक शिक्षा विषयका प्रमुख दिनेश क्षेत्रीले बताए । विद्यार्थीहरुले कक्षाकोठामा पढेका सामाजिक अध्ययन विषयको प्रयोगात्मक प्रदर्शनी गरेका थिए ।

# प्रजातन्त्र दिवसमा निःशुल्क मुटु परीक्षण



**मधेशदृष्टि**
**महोत्तरी ।**
राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बर्दिबासस्थित रोटरी क्लबले नेपाल हृदय रोग निवारण प्रतिष्ठानसँगको सहकार्यमा बर्दिबास नगरक्षेत्रका विद्यालयका छात्रछात्राको मुटु परीक्षण गरेको छ ।
बिहीबार सम्पन्न शिविरमा नगरका ११ विद्यालयका पाँच हजार ६७८ छात्रछात्राको मुटु परीक्षण गरिएको थियो । वरिष्ठ हृदयरोग विशेषज्ञ डा अवनीभूषण उपाध्याय, डा प्रेमराज वैद्य र डा प्रकाशराज रेग्मीसहितको १५ सदस्यीय टोलीले शिविर सञ्चालन गरेको हो । सामाजिक सेवा समाजका हरेक वर्गको दायित्व भएको स्मरण गराउँदै डा उपाध्यायले त्यही दायित्व निर्वाह गर्ने सिलसिलामा आफूहरुले शिविर सञ्चालन गरेको बताए ।

# दुईवटा पसलमा आगलागी हुँदा १५ लाख रुपैयाँ बराबरको क्षति

**मधेशदृष्टि**
**वीरगंज ।**
दुईवटा पसलमा आगलागी हुँदा १५ लाख बराबरको क्षति भएको छ ।
महागढिमाई नगरपालिका–६ बबुआईन बजारमा रहेको निरन्जन चौधरीको इलेक्ट्रोनिक मोबाइल पसल र दिप नारायण चौधरीको किराना पसलमा विद्युत सर्ट भई शुक्रबार बिहान आगलागी भएको हो ।
आगलागीबाट मोबाइल पसलमा रहेका मोबाइल, कम्प्युटर, ल्यापटप र किराना पसलमा रहेका किराना तथा खाद्यान्न लगायतका सामानहरू जलेर करिब १५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# प्रकृति लम्साल मृत्युको विरोधमा मौन जुलुस




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको ओडिशा राज्यस्थित कालिंगा इन्टिच्युट अफ इन्डस्ट्रियल टेक्निलोटी (कीट)मा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको शङ्कास्पद मृत्युको विरोधमा वीरगंजमा विद्यार्थीहरूले मौन जुलुस निकालेका छन् । न्यायको माग गर्दै शुक्रबार गरिएको प्रदर्शनमा कीट विश्वविद्यालयबाट निष्कासित झन्डै ५० भन्दा बढी विद्यार्थी सहभागी भएका थिए । उनीहरूलाई वीरगंजका विभिन्न निजी शैक्षिक संस्थाका विद्यार्थीहरूले पनि साथ दिएका थिए ।

विरोध जनाउन विद्यार्थीहरूले हातमा कालो पट्टि बाँधेर मुखमा कालो मास्क पनि लगाएका थिए । २० वर्षीय प्रकृति लम्साल फागुन ४ गते कीट विश्वविद्यालयको छात्रावासमा शङ्कास्पद अवस्थामा मृत फेला परेकी थिइन् । घटनालाई शङ्कास्पद ठान्दै नेपाली विद्यार्थीहरूले विश्वविद्यालय प्रशासनविरुद्ध आवाज उठाएपछि उनीहरूलाई दबाब दिने र कलेजबाट निष्कासित गर्ने काम भयो । विद्यार्थीहरूमाथि भएको सोही अन्यायको विरोध गर्दै विद्यार्थीहरूले वीरगंजमा शान्तिपूर्ण रूपमा प्रदर्शन गरेका हुन् । घण्टाघर चोकबाट शुरु भएको मौन जुलुस माईस्थान, आदर्शनगर, नगरपालिका चोक हुँदै जिल्ला प्रशासन कार्यालय पर्सासम्म पुगेको थियो । विद्यार्थीहरूले प्रमुख जिल्ला अधिकारी (सिडिओ) गणेश अर्याल र पर्सा प्रहरीका प्रमुख, प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रलाई ज्ञापन पत्र बुझाउँदै कीट प्रशासनको गैर जिम्मेवार रवैया र अन्यायपूर्ण कारबाहीको कडा विरोध जनाउँदै उनीहरूले प्रकृति लम्साललाई मानसिक र शारीरिक यातना दिएको आरोप लागेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन माग गरेका थिए । साथै विश्वविद्यालयमा नेपाली विद्यार्थीहरूका लागि सुरक्षित वातावरण निर्माण गर्न पनि जोड दिए । त्यस्तै विद्यार्थीहरूले विश्वविद्यालय प्रशासनको गैर जिम्मेवार व्यवहारको विरोध गर्दै भविष्यमा यस्ता घटनाहरू नदोहोरिउन् भनेर कडा कदम चाल्न आग्रह गरे । उनीहरूले कीट विश्वविद्यालय फर्किन चाहने नेपाली विद्यार्थीहरूको सुरक्षाको सुनिश्चितता, उनीहरूको शैक्षिक भविष्य सुरक्षित राख्ने प्रतिबद्धता र एकेडेमीक प्रक्रियामा कुनै पक्षपात नहुने ग्यारेन्टी गरिनुपर्ने माग गरे । विद्यार्थीहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले यस विषयलाई सम्बन्धित निकायमा पुर्याइने प्रतिबद्धता व्यक्त गरे । उनले विद्यार्थीहरूको न्यायको पक्षमा आफूहरू दृढ रहेको बताउँदै, प्रकृति लम्सालको मृत्युसँग सम्बन्धित छानबिन पारदर्शी रूपमा अघि बढाउन नेपाल सरकारको तर्फबाट पहल गरिने आश्वासन दिए । घटनाले नेपाली विद्यार्थीहरूको सुरक्षासँगै नेपाल–भारतबीचको शैक्षिक सम्बन्धमा पनि प्रश्न उठाएको छ । विद्यार्थीहरूले न्याय नपाएसम्म आन्दोलनलाई निरन्तरता दिने बताएका छन्, जसले नेपाल सरकारलाई थप कूटनीतिक पहल गर्न बाध्य बनाएको छ ।

# दोषीलाई कारबाही गरिनेछः मन्त्री

*‘यस प्रकारको घटना लुकाउन, ढाकछोप गर्न, घटनालाई विषयान्तर गर्ने, दोषीलाई सजाय दिलाउनुको सट्टा, पक्राउ गराउनुको सट्टा स्थानीय राजनीतिकर्मी बचाउन खोज्छ ।’*

**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले सिरहाको नवराजपुर गाउँपालिका–१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको परिवारले न्याय पाउने र दोषीलाई कानूनी कारबाही गरेर छाड्ने बताएका छन् । लेखीले स्थानीय राजनीतिकर्मीले जबर्जस्ती करणीजस्ता घटना ढाकछोप गर्ने गरेको आरोप लगाएका छन् । उनले कुनै पनि प्रकारले घटनालाई लुकाउने कार्य आफूहरुका लागि बर्दास्तको विषय नभएको बताउदै दोषीले कानूनअनुसार कारबाही भोग्ने बताए ।

शुक्रबार मन्त्रालयमा सिरहामा जबर्जस्ती करणीको घटना मिलाउन पञ्चायती बसेपछि मृत अवस्थामा फेला परेकी किशोरीको घटना सम्बन्धमा जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा मन्त्री लेखीले घटना ढाकछोप गर्ने, विषयान्तर गर्ने, दोषीलाई बचाउने गरेको आरोप लगाएका हुन् । हरेक घटनालाई पञ्चायती गरेर मिलाउने कार्य गलत रहेको बताउँदै यसले दोषीहरुलाई मनोबल बढाउने कार्य मात्रै भइरहेको बताए ।

माघ ३० गते सिरहाको नवराजपुर गाउँपालिका–१, भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदाय आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेको घटनामा आरोपित र पञ्चायती बस्ने छिट्टै पक्राउ पर्ने भन्दै उनले यसका लागि प्रहरी निरीक्षकको



नेतृत्वमा टोली पनि गठन भएको जानकारी दिए । मन्त्री लेखीले अनुसन्धान जारी रहेको भन्दै दोषी छिट्टै पक्राउ पर्ने बताए ।

‘दुःखको कुरा के छ भने हाम्रो प्रदेशको जिल्लामा, स्थानीय तहमा जहाँ जहाँ यस्तो प्रकारको घटना घटछ त्यसलाई लुकाउनका निम्ति स्थानीय राजनीतिकर्मीहरु नै लाग्छ’, उनले अगाडि भने, ‘यस प्रकारको घटना लुकाउन, ढाकछोप गर्न, घटनालाई विषयान्तर गर्ने, दोषीलाई सजाय दिलाउनुको सट्टा, पक्राउ गराउनुको सट्टा स्थानीय राजनीतिकर्मी बचाउन खोज्छ ।’

मन्त्री लेखीले समाजमा हुने कुनै पनि घटनाको सम्बन्धमा जानकारी पाउने पहिलो स्थानीय राजनीतिकर्मीहरु रहेकाले उनीहरुले तत्काले सुरक्षाकर्मी, सञ्चारकर्मी, मानव अधिकारकर्मीलाई जानकारी गराएमा यस्तो खालको अन्यौलता नहुने बताए ।

मन्त्री लेखीले यस्ता घटनामा गरिब, दलित, निमुखा परिवारका किशोरी पर्ने गरेको भन्दै भने, ‘सिरहाको घटनामा पनि हिजो मैले थाहा पाएअनुसार स्थानीयहरु नै पञ्चायती गराउन खोज्ने, पैसाको लेनदेन गराउन खोज्ने, घटनालाई दबाउन खोज्ने, यतिसम्म कि घटना भइहाल्यो भन्दै डेढ लाख रुपैयाँ दिएर चुप लाग्न भन्छ, यो कुन तरिका हो ?’ मन्त्री लेखीले जिल्लाका राजनीतिकर्मीलाई यस घटनाको छानबिनमा सहयोग गर्न भनेको भन्दै पञ्चायती गराउनेलाई नबचाउन राजनीतिकर्मीलाई भनिएको बताए । पत्रकार सम्मेलनमा मधेश प्रदेशका डिआइजी लालमणि आचार्यले घटनाको अनुसन्धान भइरहेको बताए । उनले अनुसन्धानक्रममा आवश्यक सम्पूर्ण प्रक्रिया भइरहेको बताए ।

किशोरीको शव पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला विज्ञान प्रतिष्ठानमा पठाएकामा अहिलेसम्म त्यसको रिपोर्ट नआएको उनले बताए । फागुन १ गते मृतकको काका राम सेवक सदायले टिन्कु भन्ने रुपेश मण्डलविरुद्ध आत्महत्या दुरुत्साहन शीर्षकमा जाहेरी दरखास्त दिएकामा जिल्ला अदालत सिरहाबाट पक्राउ पुर्जी लिई पक्राउ गर्न प्रहरी टोली खटिएको जनाइएको छ ।

यस्तै, जबर्जस्ती करणी भएको र घटना ढाकछोप गर्न गाउँमै पञ्चायती गरेको विषयमा विभिन्न सञ्चारमाध्यममा प्रकाशन भएपश्चात पूरक जाहेरी दरखास्त परेको मन्त्री लेखीले बताए ।

मृतककी आमाका तर्फबाट अपहरण गरी आफ्नो नियन्त्रणमा राखेर सामुहिक तबरबाट जबर्जस्ती करणी गरी हत्या गरेको, पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्रसमेत गर्न खोजेको अन्तर्गतको कसुर शीर्षकमा ८ जनाविरुद्ध बिहीबार पूरक जाहेरी परेको उनले बताए ।

# रिङ्कु सदा मृत्यु प्रकरणः जबर्जस्ती करणीसहित चारवटा मुद्दामा अनुसन्धान हुँदै

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको नवराजपुर गाउँपालिका–१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिङ्कुकुमारी सदाको मृत्यु प्रकरणमा जबर्जस्ती करणीसहित चारवटा मुद्दामा अनुसन्धान शुरु भएको छ । सामूहिक बलात्कार र शङ्कास्पद मृत्यु घटनामा पीडित परिवारले बिहीबार इलाका प्रहरी कार्यालय, लहानमा चारवटा मुद्दामा आठ जनाविरुद्धपूरक जाहेरी दर्ता गरेका थिए । कर्तव्य ज्यान, जबर्जस्ती करणी, शरीर बन्धक र लेनदेन मिलापत्र गरी चारवटा शीर्षकमा पूरक जाहेरी दर्तापछि सोहीअनुसार अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय, लहानका प्रमुख प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीले जानकारी दिए । उनले भने, ‘यस घटनाका विषयमा हामीले सुरुबाटै गहिरो अनुसन्धान गरिरहेका छौँ । पूरक जाहेरी आएपछि अब हामीलाई घटनाको सुक्ष्म अनुसन्धानको लागि झन् सहज भएको छ ।’ गत माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिङ्कु स्थानीय तीन युवाबाट सामूहिक बलात्कारमा परेको बताएकी थिइन् । त्यसपछि २९ र ३० गते पञ्चायत बसेर गाउँमै लेनदेनमा घटना मिलाउने प्रयास गरिएको भन्दै घटना सार्वजनिक भएको थियो । गत माघ ३० गते साँझ पीडित किशोरी आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । यस घटनाको अनुसन्धान गर्न मधेश प्रदेश प्रहरी कार्यालयले गत मङ्गलबार प्रहरी वरिष्ठ उपरीक्षक शान्तिराज कोइरालाको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेकामा समितिले घटनास्थलमा पुगि प्रारम्भिक अनुसन्धान शुरु गरेको थियो । छानबिन समितिका संयोजक कोइरालाले घटना दबाउन ‘बार्गेनिङ्’ गर्ने र पञ्चायती बस्ने हाल फरार रहेका बताए । उनले भने, ‘घटना मिलाउन भूमिका खेलेका भनिएका अधिकांश व्यक्ति फरार छन् । भिडियो÷फोटाबाट पहिचान गरेर खोजी गरिरहेका छौँ ।’

रिङ्कुका बुबा बिजुलिया सदाय छोरीको मृत्युपछि परिवारजन शोकमा डुबेको र विभिन्न पक्षबाट डर–त्रास दिन काम भइरहेको गुनासो गरे । यसैबीच घटनाको उच्चस्तरीय छानबिन समिति गठन गर्न सिरहास्थित विभिन्न सामाजिक सङ्घ–संस्थाले जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयमा बिहीबार ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रमा पीडितपरिवारलाई अझै निरन्तर धाक, धम्की, डर त्रास देखाउने काम भइरहेकाले तत्काल भयरहित वातावरणमा बस्ने वातावरण बनाउन आग्रह गरिएको छ । मृतकका परिवारलाई भेट्न यहाँ पुगेका मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले दोषीलाई कानुनको कठ्घरामा ल्याइछाड्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।




# पुल निर्माणपछि सवारी आवागमन सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सर्लाही र रौतहटलाई जोड्ने बागमती खोलाको पुल मर्मत कार्य सम्पन्न गरी पुलबाट सवारी साधन सञ्चालन गर्न थालिएको छ ।

पुलको ‘ब्यारिङ प्याडेस्टल’ मा क्षति पुगी केही भागमा ढलान उप्किएको थियो । क्षति पुगेको भागमा मर्मतको काम सकेर पुलबाट एक सातापछि नियमित सवारी साधन सञ्चालन हुन थालेको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका इन्जिनियर गिरिसनन्दनप्रसाद तोरसले जानकारी दिए । पुलको मर्मत कार्य गर्न भन्दै माघ २७ गतेदेखि पुलबाट सवारी साधन सञ्चालनमा रोक लगाइ डाइभर्सनबाट बागमती खोला वारपार गर्ने व्यवस्था मिलाइएको थियो । पुल सञ्चालन भएसँगै अब डाइभर्सन भत्काएर त्यहाँ हालिएका ह्यूमपाइप निकाल्ने तयारी भइरहेको इन्जिनियर तोरसले बताउनुभयो । पुलमा आधुनिक प्रविधिबाट उच्च गुणस्तरको ‘कङ्क्रिट’ हालेर ढलान गरिएकाले तत्काल सवारी साधन सञ्चालन गर्न मिल्ने भएको प्राविधिकले बताएका छन् । सर्लाहीमा ५५ वर्षअघि नै निर्माण गरिएको बागमतीसहित अन्य खोलाको पुल जिर्ण बनेको लामो भइसकेको छ ।

# जन्ती गइरहेको बस ठोक्किदा एक जनाको मृत्यु, २६ जना घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराबाट जन्ती लिएर उदयपुर जाँदै गरेको बस र मिनी ट्रक ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने २६ जना घाइते भएका छन् । उदयपुरको त्रियुगा नगरपालिका–७ जोगीदहस्थित मदन भण्डारी राजमार्गमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय उदपयुरले जनाएको छ । बाग्मती प्रदेश ०६–००१ ख ०१९५ नम्बर को बस र विपरीत दिशाबाट तेजपत्ता बोकी उदयपुरको कटारी तर्फ जाँदै गरेको ना. ८ख २४०४ नम्बरको मिनी ट्रक आपसमा ठोक्किएर दुर्घटना भएको हो । मृत्यु हुनेमा बारागढी गाउँपालिका– ४ की ७० वर्षीय सीताराम धामी छन् । दुर्घटनापछि गम्भीर घाइते भएका धामीको न्युरो अस्पताल विराटनगरमा उपचारको क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी निरीक्षक सन्तोष कार्कीले जानकारी दिए ।

अन्य २६ घाइतेमध्ये सामान्य उपचारपश्चात २० जना अस्पतालबाट डिस्चार्ज भएका छन् भने दुईजनाको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ । गम्भीर अवस्थाका तीनजनाको न्युरो अस्पताल विराटनगरमा उपचाररत छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन